# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक १०० | काठमाडौं | शुक्रबार, १६ साउन २०८२ | Prabhab National Daily | Friday, 01 August 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

# बुहारीको कूर्सीमा ससुरा

उहाँलाई हटाइएको होइन, उहाँलाई दण्डित गरिएको पनि होइन । केवल पार्टीलाई निकास दिने उद्देश्यले यो कदम चालिएको हो

■ **लालवीर चौधरी**

म नयाँ अध्यक्ष मान्दिनँ । अवैध प्रक्रियाबाट हुने अध्यक्षलाई मान्ने कुरा आउँदैन

■ **रञ्जिता श्रेष्ठ चौधरी**





■ **जेबी योञ्जन**

**काठमाडौं–** टीकापुर घटनाको पृष्ठभूमिमा थारु समुदायको अधिक जनमतले स्थापित नागरिक उन्मुक्ति पार्टी (नाउपा)को नयाँ अध्यक्ष लालवीर चौधरी बनेका छन् । संस्थापक अध्यक्ष रञ्जिता श्रेष्ठ चौधरीको बुधबार बर्खास्तीपछि नाउपाले लालवीरलाई नेतृत्व पाएको हो ।

लालवीर रञ्जिताको ससुरा अर्थात् रेशमका बुबा हुन् । पार्टी गम्भीर संकटमा छँदा लालवीर रेशमपक्षीय नेताहरूको राष्ट्रिय भेलामार्फत् नयाँ अध्यक्ष बनेका हुन् । रञ्जिता पटकपटक विवादमा मुछिनु र उनीसँग संरक्षक रेशमपक्षको कलहले पार्टीसँगै आन्दोलन पनि संकटमा पर्दा खासगरी थारु समुदाय चिन्तित देखिन्थ्यो । बिहीबार भने थारुवान आन्दोलनकै मूल नेता रेशमका बुबा लालवीरले अध्यक्षको जिम्मेवारी पाए ।

अध्यक्ष भएपछि उनले पत्रकार हरूसँग रञ्जिताबारे संयमित भएर जवाफ दिए । 'उहाँलाई हटाइएको होइन, उहाँलाई दण्डित गरिएको पनि होइन । केवल पार्टीलाई निकास दिने उद्देश्यले यो कदम चालिएको हो,' उनले भने ।

रञ्जितालाई अझै पनि सम्मानजनक व्यवहार गर्न तयार रहेको बताए । तर, रञ्जिताको बर्खास्ती चार कारणले गरेको प्रष्टीकरण पनि दिएको छ । महासचिव ठाकुरसिंह थारुका अनुसार पहिलो- विधानविपरीत कार्य गरिन् । स्वास्थ्य समस्याको कारण देखाउँदै रञ्जिताले सोमबार कार्यवाहक अध्यक्ष शिव बास्तोलालाई तोकेकी थिइन् । रेशमपक्षले रञ्जिताको यस कदमलाई विधानविपरीत भन्दै आएको छ ।

दोस्रो- बैठक बोलाउन इन्कार । पार्टी केन्द्रीय सदस्यहरूले पटकपटक बैठक बोलाउन आग्रह गरेका थिए । तर, रञ्जिताले बैठक आह्वान गर्न बेवास्ता गरिरहिन् । यसलाई पनि रञ्जिताको बर्खास्तीको कारण अर्थ्याइएको छ । तेस्रो- स्पष्टीकरण दिइनन् । पार्टीको अनुशासन आयोगले कार्यबाहक अध्यक्ष तोकेको विषयमा २४ घण्टाभित्र स्पष्टीकरण दिनका समयसीमा दिएको थियो । तर, रञ्जिताले स्पष्टीकरण दिइनन् । यसलाई पनि अध्यक्षबाट बर्खास्तीको अर्को कारण भनिएको छ ।

चौथो- घुस प्रकरण । रञ्जिता पोखराको लिचीबारी जग्गा चलखेल प्रकरणमा मुछिएकी छिन् । पूर्व भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्रीसमेत रहेकी उनले घुस लिएको अडियो नै सार्वजनिक भइसकेको छ । रेशमपक्षले रञ्जितालाई अध्यक्षबाट बर्खास्त गर्नुपर्नाको कारणमध्ये यसलाई पनि लिइएको छ ।

तर, रञ्जिता चुपचाप नबस्ने देखिएको छ । उनी कानुनी चुनौती दिने मुडमा देखिएकी छिन् । त्यसतर्फ संकेत गर्दै उनले प्रभावसँग भनिन्,- 'म नयाँ अध्यक्ष मान्दिनँ । अवैध प्रक्रियाबाट हुने अध्यक्षलाई मान्ने कुरा आउँदैन ।'

उनले पार्टी बैठक र भेला बोलाउने अधिकार आफूसँग मात्र सीमित रहेको बताएकी छिन् । त्यही भएर बुधबार र बिहीबार बसेको राष्ट्रिय भेलासँगै यही साउनको ३, ९ र ११ गते बसेको केन्द्रीय समितिको बैठक विधानविपरीत भएको रञ्जिताको ठहर छ । ११ गतेको बैठकले रञ्जितालाई स्पष्टीकरण सोध्ने निर्णय गरेको थियो । सोही निर्णयका आधारमा सोधिएको स्पष्टीकरण नदिएको भन्दै बर्खास्त गर्नुपरेको रेशमपक्षको तर्क छ ।

तर, रञ्जिता ती सबै बैठक र भेलालाई गैरकानुनी मान्छिन् । बुधबार र बिहीबारको भेला र त्यसअघिका केन्द्रीय समिति बैठक पार्टी संसदीय दलका नेता गंगाराम चौधरीले बोलाएका थिए । रञ्जिताले भने गैरकानुनी भन्दै बैठक र भेलाको निर्णयलाई प्रतिवाद गर्ने देखिएकी छन् । उनले बैठक बोलाउने गंगारामलाई स्पष्टीकरण नै सोधिसकेकी छिन् ।

क्रमशः पृष्ठ २ मा

सुनकोशी मरिण डाइभर्सन

# औचित्य बढ्दो तर बाँध निर्माण सुस्त गतिमा

- तराई-मधेसका खेतहरु धाँजा फाट्न थालेसँगै मधेस प्रदेशकै लागि लक्षित गरेर निर्माणाधीन सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाको औचित्य बढ्दो
- सरकारले २०७३/७४ मा सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनामार्फत तराई-मधेसका धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बारासहितको पाँच जिल्लाको एक लाख २२ हजार हेक्टर जमिनमा वर्षैभरि सिँचाइ सुविधा पुऱ्याउने उद्देश्यसहित आयोजना अघि सारेको थियो
- आयोजनाको सुरूङ निर्माण सम्पन्न भएको पनि १५ महिना बितिसक्यो । तर, बाँध निर्माणको काम भने धिमा गतिमा



**लामो समयदेखि पानी नपरेपछि सुख्खाग्रस्त तराई क्षेत्रमा बोरिङको पानीबाट रोपाइँ गरिँदै ।** *तस्बिरः रासस*

■ **हिमाल लम्साल**

**पर्सा–** अन्न भण्डारको रूपमा परिचित तराई-मधेस अहिले सुक्खाग्रस्तको संकटबाट गुज्रिरहेको छ । पर्याप्त अकाशेपानी नपरेपछि यहाँका कतिपय जिल्लामा रोपाइँ हुन सकिरहेका छैनन् । रोपाइँ भएका ठाउँमा पनि अत्यधिक चर्को गर्मीले रोपो जोगाउन यहाँका कृषकलाई धौधौ परिरहेको छ । अर्कोतर्फ रोपिएका खेत धाँजा फाटेका छन् ।

मधेस प्रदेश कृषि विकास निर्देशनालयका वरिष्ठ बागवानी विकास अधिकृत प्रदीपकुमार यादव अघिल्लो वर्ष साउनको दोस्रो सातासम्म मधेस प्रदेशमा ८३ प्रतिशतभन्दा धेरै धान रोपाइँ हुने गरे पनि यो वर्ष भने गत शुक्रबारसम्म ५१ प्रतिशत क्षेत्रफलमा मात्रै धान रोपाइँ भएको बताउँछन् । 'अहिले तराई-मधेसमा सुक्खायामका कारणले धान रोपाइँ निकै प्रभावित भइरहेको छ । धानको खेत अहिले धाँजा फाटेर रोपो सुकिरहेको दृश्य देखिएको छ ।'

निर्देशनालयका अनुसार मधेस प्रदेशमा आठ जिल्लामा धान रोपाइँ हुने तीन लाख ७२ हजार ६४५ हेक्टरमध्ये हालसम्म एक लाख ९३ हजार ११६ हेक्टर क्षेत्रफलमा मात्रै रोपाइँ भएको छ । निर्देशनालयका वरिष्ठ बागवानी विकास अधिकृत यादव यसखाले अभाव सल्टाउन दीर्घकालीन सिँचाइको आवश्यकता देख्छन् । 'मधेस प्रदेशमा सिँचाइको चर्को अभावले पनि दीर्घकालीन खालको सिँचाइको आवश्यकता देखिएको छ,' यादवले भने ।

निर्देशनालयका अनुसार धनुषामा धान रोपाइँ हुने क्षेत्रफलमध्ये ३५ प्रतिशत, महोत्तरीमा ३५ दशमलव १२, सर्लाहीमा ५६, रौतहटमा ६८ र बारा जिल्लामा भने ८० प्रतिशत धान रोपाइँ भएको छ । तराई-मधेसका खेतहरू धाँजा फाट्न थालेसँगै मधेस प्रदेशकै लागि लक्षित गरेर निर्माणाधीन सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाको अपरिहार्यता र औचित्य झनै बढेको यादव बताउँछन् । 'तराई-मधेसका पाँच जिल्लालाई सिँचाइ गर्ने योजनासहित अघि सारिएको आयोजनाको आवश्यकता झनै बढिरहेको छ,' उनले भने, 'तराई-मधेसका पाँच जिल्लामा देखिएको सिँचाइको समस्यालाई उक्त आयोजनाले परिपूर्ति गर्ने विश्वास लिएका छौँ । तर, अहिलेसम्म पनि सो आयोजना निर्माणको गति भने सुस्त रहेको सुन्नमा आएको छ ।'

बाराका प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारी पनि तराई-मधेसमा सुक्खाग्रस्त भएसँगै सुनकोशी मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजनाको अपरिहार्यता झनै बढेको बताउँछन् । 'सुनकोशी मरिण डाइभर्सन आयोजना सञ्चालन भएर आएको खण्डमा धेरै हदसम्म सहज र व्यवस्थित हुने थियो,' अधिकारीले भने ।

सरकारले २०७३/७४ सालमा सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनामार्फत तराई-मधेसका धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बारासहितको पाँच जिल्लाको एक लाख २२ हजार हेक्टर जमिनमा वर्षैभरि सिँचाइ सुविधा पुऱ्याउने प्रमुख उद्देश्यसहित आयोजना अघि सारेको थियो । उक्त आयोजनाअन्तर्गत कमलामाई-२ कुसुमटारदेखि सुनकोशी-७ कानढुङ्गीसम्म १३ दशमलव तीन किलोमिटर सुरुङ तयार पारेर पावर हाउसको टेलरेसबाट निस्केको ६७ हजार प्रतिसेकेन्ड पानी मरिण नदीमा खसाली वाग्मती नदी हुँदै मधेसका पाँच जिल्लामा सिँचाइ सुविधा अघि बढाउनेगरी योजना अघि बढाएको थियो । कृषकका खेत-खेतमा सिँचाइ भने वाग्मती सिँचाइ आयोजनामार्फत अघि बढाइनेछ ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

वैदेशिक रोजगार बोर्डको आगामी कार्यक्रम

# सांसदसँग अन्तरक्रियादेखि 'रिटर्नी उद्यमी आइडल'सम्म



- वैदेशिक रोजगार बोर्डले संघदेखि प्रदेशका सांसदहरूसँग अन्तरक्रियादेखि चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम अनुरूप 'रिटर्नी उद्यमी आइडल' गर्ने
- आर्थिक वर्ष २०८१/८२मा वैदेशिक रोजगारीमा मृत्यु भएका १५ सय १७ जना श्रमिकका परिवारलाई आर्थिक सहायता प्रदान
- एक हजार ८६ जनाको शव ढुवानी गरेको बोर्डले यो अवधिमा ४ सय ८१ जनाको शव विदेशबाट ल्याएको थियो

■ **ममता थापा**

**काठमाडौं–** वैदेशिक रोजगार बोर्डले आगामी वर्षको कार्ययोजना सार्वजनिक गरेको छ । बिहीबार पत्रकार सम्मेलन गर्दै बोर्डले चालु आर्थिक वर्ष २०८२/८३मा सांसदहरूसँग अन्तरक्रिया गर्ने जनायो ।

बोर्डले प्रदान गर्ने सेवाका विषयमा संघदेखि प्रदेशका सांसदहरूसँग अन्तरक्रिया गर्न लागेको कार्यकारी निर्देशक डा. द्वारिका उप्रेतीले बताए । यसैगरी चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम अनुरूप बोर्डले 'रिटर्नी उद्यमी आइडल' आयोजना जनाएको छ । 'वैदेशिक रोजगारीबाट फर्किएर आएका रोजगारकर्तालाई स्वदेशमै स्थापित हुने गरी स्थानीय सरकार र बोर्डले श्रमिकले ल्याएको कल्चर, सीप, पूँजीलाई प्रमाणीकरण गर्ने छ,' बिहीबार आयोजित पत्रकार सम्मेलनमा उप्रेतीले भने । त्यसैगरी बोर्डले नयाँ शववाहनसमेत किन्ने कार्ययोजना रहेको जनाएको छ ।

यसखाले कार्यक्रम आयोजना गर्दा स्वदेशमै व्यवसाय सञ्चालन गरिरहेकालाई प्रोत्साहन मिल्ने उनको भनाई थियो । श्रमिकको मृत्यु भए परिवारलाई आर्थिक सहायता दिने, अलपत्र परेका श्रमिकको उद्धार गर्ने, औषधी उपचार खर्च दिने लगायतका कल्याणकारी काम गर्दै आएकाले राहत, उद्धार र कल्याणकारी कामलाई सधैं प्राथमिकतामा राख्ने बोर्डको दाबी छ । वैदेशिक रोजगार तथा कल्याणकारी कार्यसम्बन्धमा प्रकाशित लेखरचना तथा भिडिओ सामग्रीको मुल्याङ्कन गरि पुरस्कृतसमेत प्रदान गरिने तयारी बोर्डले गरेको छ । कार्यक्रममा वैदेशिक रोजगारीमा जाने श्रमिकहरू लागूऔषधका कारण जेलमा पर्ने गरेको निर्देशक उप्रेतीले बताए ।

क्रमशः पृष्ठ २ मा

# मन्त्रीदेखि महानिर्देशकलाई संघको धन्यवाद



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले संख्या १०० को प्रावधान हटाउन महत्वपूर्ण भूमिका खेलेकोमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीलाई धन्यवाद दिएको छ । संघले मन्त्री भण्डारीसँगै वैदेशिक रोजगार विभागका महानिर्देशक कमलप्रसाद भट्टराईलगायतलाई पनि कार्यकक्षमै पुगेर धन्यवाद दिएको हो ।

बिहीवार संघको कार्यसमिति र सल्लाहकारसहितको टोलीले मन्त्री भण्डारीलाई भेटेर नवीकरण हुनबाट रोकिएका ईजाजतपत्रको यथासक्य चाँडै निकास निकाल्नसमेत आग्रह गरेको जनाइयो । मन्त्री भण्डारीले समस्या आफू यसखाले समस्या समाधानको प्रयासमा रहेको जनाएको संघका महासचिव महेश बस्नेतले बताए । 'मन्त्रीज्यूले १०० संख्या नपुग व्यवसायीको समस्या र नवीकरण सम्बन्धमा यथासक्य निकास निकाल्ने प्रयासमा मन्त्रालय र विभागले आन्तरिक गृहकार्य गरिरहेको जानकारी गराउनु भएको छ,' बस्नेतले भने ।

उक्त भेटमा संघले व्यवसायीका अन्य समस्याप्रति समेत सरकारको ध्यानाकर्षण गराएको थियो । युरोपियन मुलुकका मागपत्र प्रमाणीकरणलाई सहज बनाउन आग्रह गरिएको छ । युरोपका विभिन्न मुलुकबाट मागपत्र आएपनि प्रमाणीकरण नहुँदा एकातिर व्यवसायी समस्यामा पर्ने र अर्कोतर्फ युरोप पठाउने नाममा ठगी बढेको विषयमा मन्त्री भण्डारीको ध्यानाकर्षण गराएका थिए ।

क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

### औचित्य...

सुनकोशी मरिण बहुउद्देश्यीय आयोजनाको सुरुङ निर्माण र बाँध निर्माणका लागि छुट्टाछुट्टै बोलपत्र आह्वान गरिएको थियो । सुनकोशी मरिण बहुउद्देश्यीय आयोजनाका निर्देशक बद्री कार्कीले सुनकोशी मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजनाको बाँध निर्माणको काम निकै सुस्त गतिमा भइरहेको स्विकारे । 'आयोजनाको सुरुङ निर्माणसम्पन्न भएको पनि १५ महिना बितिसक्यो । तर, बाँध निर्माणको काम भने धिमा गतिमा चलिरहेको छ । निर्माण कम्पनीको ढिलासुस्ती र आलटालका कारणले बाँध निर्माणको कार्यले गति लिन सकिरहेको छैन,' उनले भने, 'अहिलेकै गतिको निर्माणले यो आयोजना सम्पन्न गर्न वर्षौं लाग्न सक्छ ।'

आयोजनाको हेडवर्क्स (बाँध)सहितको संरचना निर्माण गर्ने ठेक्का रमण कन्स्ट्रक्सन-पटेल इन्जिनियरिङ लिमिटेड संयुक्त उपक्रम (जेभी) ले पाएको थियो । सो जेभी कम्पनीले भ्याटबाहेक रु १२ अर्ब ५१ करोड ४० लाख ७९ हजार ४३ रकम लागतमा ठेक्का कबोल गरेको थियो । आयोजनाको हेडवर्क्स निर्माणका लागि ११ वटा कम्पनीले प्राविधिक मूल्याङ्कनमा प्रतिस्पर्धा गरेका थिए ।

प्रतिस्पर्धा गरेका ११ वटा कम्पनीमध्ये नौवटा कम्पनी प्राविधिक मूल्याङ्कनमा छनोट भएका थिए । छनोट भएका नौमध्ये पाँच कम्पनीले मात्रै आर्थिक प्रतिस्पर्धामा सहभागिता जनाएका थिए । तीमध्ये सबैभन्दा कम लागत पेस गर्ने कम्पनी रमण-पटेल जेभी छनोट भएको थियो । रमण-पटेल जेभीले आयोजनाको हेडवर्क्स, मेकानिकल र सिभिल लगायतको संरचना निर्माणका लागि अनुमानित लागतभन्दा ३२ प्रतिशत कम रकम कबोल गरेर ठेक्का हात पारेको हो । तर, अहिले सोही कामले अपेक्षाकृत काम गर्न नसकेर सिँचाइ आयोजनालाई रुग्ण आयोजना बनाउने प्रयास गर्दै आइरहेको छ । आयोजनाका अनुसार अहिले बाँध निर्माण सुरु भएको ३० महिनाको अवधिमा मुस्किलले १० प्रतिशत मात्रै भौतिक प्रगति भएको छ ।

कानदुङ्ग्रीस्थित सुनकोशी नदीमा ३० मिटर उचाइ र १५८ मिटर लम्बाइको बाँध निर्माण गरी सुरुङमार्फत पानी कुसुमटारस्थित मरिण खोलामा खसालिनेछ । आयोजना निर्देशक कार्कीले आयोजनाको बाँध निर्माणको काम सन्तोषजनक नभएको जानकारी दिए । 'निर्माण कम्पनीले अनेक बाहानबाजी गरेर काम गरिरहेको छैन,' कार्कीले भने ।

निर्माण कम्पनीले ठेक्काको परिचालन खर्चबापत एक अर्ब १२ करोड रकम भुक्तानी लिइसकेको छ । निर्माण कम्पनीले निर्माणको ३० महिने अवधिमा आठवटा बिल पेस गरेर थप करिब ९१ करोड रकम भुक्तानी लिएको आयोजना निर्देशक कार्कीले जानकारी दिए ।

#### सुरुङ तयार भइसक्यो, बाँध अनिश्चित !

सुनकोशी मरिण बहुउद्देश्यीय आयोजनाको सुरुङ निर्माण र बाँध निर्माणका लागि छुट्टाछुट्टै बोलपत्र आह्वान गरिएको थियो । सो आयोजनाअर्न्तगत कमलामाई-२ कुसुमटारदेखि सुनकोशी-७ कानढुङ्ग्रीसम्म १३ दशमलव ३ किलोमिटर सुरुङ 'टनेल बोरिङ मेसिन' (टिबिएम) प्रयोग गरेर खन्न थालिएको थियो । यो आयोजनाको सुरुङ खन्ने ठेक्का चिनियाँ निर्माण कम्पनी चाइना ओभरसिजसँग सन् २०१९ मे महिनामा ठेक्का सम्झौता भएको थियो ।

ठेक्का सम्झौताअनुसार उक्त ठेक्का सम्झौता अनुसार सन् २०२५ को अगस्ट अर्थात ५२ महिनाभित्र निर्माण सम्पन्न गर्ने गरी सम्झौता भएको थियो । तर, चिनियाँ कम्पनीले सो सुरुङमार्ग तोकिएको समयसीमा भन्दा अगावै अर्थात २०८१ वैशाख २६ गते 'ब्रेक थ्रु' अर्थात सुरुङ खन्ने काम सम्पन्न गरेको थियो । सुरुङ खन्न भने भ्याटबाहेक १० अर्ब पाँच करोड ६८ लाख खर्च गरिएको थियो । यो सुरुङमार्ग ५.५ व्यास मिटरमा खनिएको छ । तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले सो सुरुङ छिचोल्ने दिन सोही कार्यक्रममा समेत सहभागिता जनाएका थिए । सरकारले यो आयोजना सम्पन्न गर्नका लागि कुल लागत अनुमान ४६ अर्ब १९ करोड ३९ लाख रूपैयाँ रहेको छ ।

#### यस्तो छ आयोजनाको फाइदा

२०७६ माघ ६ गते बसेको मन्त्रिपरिषद्को बैठकले आयोजनालाई राष्ट्रिय गौरवको आयोजनामा सूचीकृत गरेको थियो । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले २०७७ फागुन २० गते आयोजनाको शिलान्यास गरेका थिए । आर्थिक वर्ष २०८४/७५ सम्म आयोजना सम्पन्न गरी मधेस प्रदेशको बागमती सिँचाइ आयोजनाबाट हाल ४५ हजार छ सय हेक्टर जमिनमा सिँचाइ सुविधा उपलब्ध गइरहेकामा सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाको पावर हाउसको टेलरेसबाट निस्केको ६७ हजार प्रति सेकेन्ड पानी मरिण नदीमा खसाली धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बारा जिल्लाहरूको एक लाख २२ हजार हेक्टर जमिनमा वर्षैभरी सिँचाइ सुविधा पुऱ्याउने प्रमुख उद्देश्य रहेको छ । यो आयोजनाबाट ३१ दशमलव ०७ मेगावाट जलविद्युत् समेत उत्पादन गर्ने लक्ष्य राखिएको छ ।

'वर्षैभरि नै सिँचाइ सुविधा पुगी कृषि एंव नगदेबालीको उत्पादन र उत्पादकत्व वृद्धि भई आत्मनिर्भर अर्थतन्त्रमा सघाउ पुग्ने विश्वास लिइएको छ,' आयोजना निर्देशक कार्कीले भने, 'सतह र भूमिगत जलस्रोतको संयोजनात्मक रूपमा उपयोग गरी उर्बर भूमिबाट कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गरी हाल कृषिमा भएको आयातको असन्तुलन कम गर्न पनि मद्दत पुग्ने विश्वास गरिरहेको छ ।'

आयोजनाका अनुसार यो सञ्चालनमा पछि पनि सुनकोशी र तामाकोशी क्षेत्रमा बसोबास गर्ने जनसङ्ख्याको पनि बहुआयामिक विकास हुने लक्ष्य राखिएको छ । सो क्षेत्रमा माछापालनदेखि आन्तरिक तथा बाह्य पर्यटनको पनि उल्लेख्य वृद्धि हुनका साथै मनोरञ्जन तथा ताल/जलाशयमा पर्यटन व्यवसाय समेत फस्टाउने आयोजनाले जनाएको छ । *रासस*

■■■

### बुहारीको...

बिहीबार सोधिएको स्पष्टीकरणमा भनिएको छ, 'पार्टीको अन्तरिम विधान, २०७८ ले दिएको अधिकारभन्दा बाहिर गई बैठक बसी गैरकानुनी निर्णयहरू गरेको पाइएको हुँदा तपाईंलाई विधानको धारा १७ बमोजिम किन कारबाही नगर्ने ? प्रस्तुत पत्र प्राप्त भएको मितिले २४ घण्टाभित्र आधार कारणयुक्त एवं चित्त बुझ्दो स्पष्टीकरण पेश गर्नुहोला । अन्यथाः पार्टीको विधान बमोजिम तपाईंलाई कारबाही हुने व्यहोर ासमेत जानकारी गराइन्छ ।'

नाउपाको विधानअनुसार पार्टी अध्यक्षले नै राष्ट्रिय महाधिवेशन, राष्ट्रिय भेला, केन्द्रीय समिति र सचिवालय समिति बैठकको अध्यक्षता गर्नुपर्छ । विधानको यो प्रावधानलाई टेकेर आफ्ना उपस्थितिविना बसेको केन्द्रीय समिति र राष्ट्रिय भेलालाई रञ्जिताले अवैध टिप्पणी गरेकी छिन् । यही आधारलाई टेकेर रञ्जिताले रेशमपक्षलाई कानुनी र राजनीतिक दुवै चुनौती दिने देखिएको हो ।

उनका अनुसार आफू अस्वस्थ रहेको बेला बैठकहरू बोलाइएको हो । अस्वस्थ रहेकै कारण पार्टी बैठकमा सहभागी हुन नसकिएको उनको प्रष्टीकरण छ । यसअघि २०८० को पुसमा भएको पार्टीको पहिलो महाधिवेशनबाट उनका श्रीमान् रेशम अध्यक्षमा चुनिएका थिए । उनले त्यसबेला रेशम र उनी नेतृत्वको पदाधिकारी नै गैरकानुनी भनेकी थिइन् । नभन्दै निर्वाचन आयोगले रेशमलाई नाउपा अध्यक्ष अस्वीकार गऱ्यो । आयोगको यस्तो कदमविरुद्ध रेशमले सर्वोच्च अदालतमा दायर गरेको रिट विचाराधीन छ । रञ्जिताले रेशमपक्षलाई यो तथ्य पनि स्मरण गराएकी छिन् ।

### सांसदसँग...

विभिन्न सर्वेक्षणले लागूऔषध र मदिराजन्य कारणले नेपालीहरू थुनामा परेको उनको भनाइ थियो । साथै, रोजगारीमा मृत्यु भएका श्रमिकको शव ढुवानीको प्रक्रिया गन्तव्य मुलुकको कानुनमा निर्भर रहेकाले बोर्डले यसमा केही गर्न नसक्ने उनले बताए । 'साउदीबाट शव झिकाउन लगभग एक महिनाको हाराहारीमा समय लाग्छ । प्रक्रियाका कारणले दुई-चार दिनको फरकमात्र हुने हो । उतैको कानुनी प्रक्रियाअनुसार हामी चल्नुपर्ने अवस्था छ,' उप्रेतीले भने । बोर्डले चालु वर्षमा नयाँ विद्युतीय शव वाहन खरिद गर्ने जनाएको छ । त्यस्तै, रोजगारीमा जाने श्रमिकलाई मोबाइलबाट पढ्न सकिने पाठ्यक्रम तयार हुने क्रममा रहेको पनि जनाइएको छ ।

एक हजार ८६ जनाको शव ढुवानी

बोर्डले गत आर्थिक वर्ष २०८१/८२मा वैदेशिक रोजगारीमा मृत्यु भएका १५ सय १७ जना श्रमिकका परिवारलाई आर्थिक सहायता प्रदान गरेको जनायो । यसवापत एक अर्ब दुई करोड ३४ लाख प्रदान गरिएको बोर्डले जनाएको छ । यो अवधिमा बोर्डले एक हजार ८६ जनाको शव ढुवानी गरिदिएको छ । त्यसैगरी ४ सय ८१ जनाको शव विदेशबाट झिकाएइदिएको जनायो । शव झिकाउन र ढुवानी गर्न कुल छ करोड ५० लाख खर्च भएको तथ्याङ्क छ ।

रोजगारीमा गएर अंगभंग तथा गम्भीर बिरामी भएका आठ सय ६७ जनालाई आर्थिक सहयोग गरेको जनाइएको छ । यसवापत २४ करोड ९९ लाख खर्च भएको भनिएको छ । बोर्डले सन्तति सहायता स्वरूप तीन हजार ४३० जनालाई छात्रवृत्ति प्रदान गरेको छ । रोजगारीमा गएका श्रमिकको मृत्यु, अंगभंग या गम्भीर बिरामी भए ती श्रमिकका सन्ततिलाई बोर्डले सहायता दिँदै आएको छ । गत वर्ष चार करोडको छात्रवृत्ति दिइएको छ ।

त्यस्तै, १९ हजार ८६७ जनालाई तालिम प्रदान गरिएको, २२५ जनाको उद्धार तथा खोजतलास गरेको, ४४२ जनालाई पारिवारिक औषधी उपचार खर्च दिएको बोर्डको भनाइ छ । बोर्डका अनुसार गत आर्थिक वर्षमा चार हजार ६११ जनाले टेलिमेडिसिन सेवा लिएका छन् भने ३३ हजार ९८२ जनाको समस्या श्रमाधान कल सेन्टरबाट समाधान गरिएको छ ।

■■■

### मन्त्रीदेखि...

साथै, सेवा शुल्कको समस्यालाई पनि सम्बोधन गरिदिन मन्त्रीलाई अनुरोध गरेको महासचिव बस्नेतले बताए । संघले अन्तर ाष्ट्रिय अभ्यासको अध्ययन गरेर सेवाशुल्क तोकिदिए श्रमिकले तिर्ने लागत पारदर्शी हुने र व्यवसायीले पनि राज्यलाई कर तिर्न पाउने विषयमा ध्यान दिन आग्रह गरेको थियो ।

## गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच पुऱ्याउने प्रतिबद्धता

**काठमाडौं (प्रस)**– स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तर्गतको स्वास्थ्य सेवा विभागका महानिर्देशक डा. टंक बाराकोटीले नेपाल सरकारले गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच पुऱ्याउने उद्देश्य राखेको बताएका छन् ।

नेपालका प्रसूति केन्द्रहरूमा मातृ तथा नवजात शिशु हेरचाहको लागि सेवा उपलब्धता र तयारीसम्बन्धी चौधरी फाउण्डेसनले गरेको अध्ययन प्रतिवेदन सार्वजनिक गर्न बिहीबार यहाँ आयोजित कार्यक्रममा उनले स्वास्थ्य सेवा ग्रामीण क्षेत्रसम्म विस्तारका लागि थप जनशक्ति, उपकरण र पूर्वाधारको आवश्यक रहेको बताए । उक्त अध्ययनबाट प्राप्त सुझाव आगामी नीति र योजना बनाउँदा उपयोगी हुने उनको भनाइ थियो ।

कार्यक्रममा परिवार स्वास्थ्य महाशाखाका निर्देशक डा. विवेकलाल कर्णले स्वास्थ्य क्षेत्रमा पनि सार्वजनिक निजी साझेदारीअन्तर्गत गरिएका यस्ता कार्यले सरकारले हासिल गरेको लक्ष्य पूरा गर्न सहज र प्रभावकारी हुने बताए । चौधरी फाउण्डेसनका अध्यक्ष निर्वाण चौधरीले आफूहरूले शिक्षा र स्वास्थ्यका क्षेत्रमा विभिन्न काम गरिरहेको अवगत गरउँदै मातृ तथा नवजात स्वास्थ्यका क्षेत्रमा अध्ययनले औंल्याएका सुझाव कार्यान्वयनका विषयमा आगामी दिनमा थप काम गर्ने प्रतिबद्धता व्यक्त गरे ।

अध्ययनका नेतृत्वकर्ता डा. खेम पोखरेलले अध्ययन विधि, अध्ययनका क्रममा देखिएका विषय र सुधार गर्नुपर्ने विषयका बारेमा जानकारी गराएका थिए । नेपालले मातृ तथा नवजात शिशु स्वास्थ्यमा उल्लेखनीय प्रगति गरेको छ । सन् २०१६ मा प्रतिएक लाख जीवित जन्ममा २३९ रहेको मातृ मृत्युदर सन् २०२२ मा घटेर १५१ पुगेको छ ।

### हकदाबी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/१०/२६ मा दर्ता भई २०७९/११/२१ को निर्णयले सम्शोधन गरी २०७९/११/३० मा नयाँ प्रमाणपत्र जारी भएको प्रा.लि. नं. ३०६९६५/०७९/०८० सेभेन हर्सेस कन्सल्टिङ सर्विसेस को शेयर धनीको निर्णय बमोजिम कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनी सँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको हो ।

### हकदाबी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/०७/३० मा दर्ता भएको प्रा.लि. नं. ३०२३४४/०७९/०८० ट्राई अगेन एग्रो फार्म को शेयर धनीको निर्णय बमोजिम कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनी सँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको हो ।

### लिलाम विक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०४/१६**

यस सा.व.उ.स. वाट संकलन भएको साल गोलिया काठ ४७६.६३ क्यू फिट र साल दाउरा १ चट्टा लिलाम विक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ ।

**जलदेवी सा. वन उपभोक्ता समूह, भानु ६, तनहूँ ।**

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**पहिलो पटक प्रकाशित मितिः २०८२/०४/१६**

यस कम्पनीको मिति २०७९/०५/२८ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **प्रोग्रेसिभ इन्स्टिट्युट प्रा.लि**. को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **जे. कन्सल्ट प्रा.लि**.(परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०३/२४ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **जे. कन्सल्ट प्रा.लि**.(प्रा.लि.नं.३८१८८) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

### घर/कोठा खाली गरिदिनेसम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८२/०४/१६ गते

तपाई श्री रुबिना मुलकुस खालिङ राईले साविक ललितपूर न.पा. वडा नं.५(फ) कि.नं.७८० हाल वडा नं. १४मा पर्ने भिभेक राईको घरमा मर्मत गर्न घर खालि गर्नुपर्ने भएकाले आजका मितिले ३५ दिनभित्र मलाई बुझाउनुपर्ने सम्पूर्ण भाडा रकमसमेत बुझाई आफ्नो सरसामान बुझी लगी सो कोठा खाली गरी दिनुहुन यो सूचना जारी गरेको छु ।

**निवेदक (घरधनी) : भिभेक राईको वा. प्रमिला लिम्बु**

**ना.प्र.न. ४९२२ जि.प्र.का**

**सम्पर्क न. ९८२४३७३९७२**

### कम्पनीको नाम परिवर्तन सम्बन्धि सूचना

**दोस्रो पटक सूचना प्रकाशित मितिः २०८२/०४/१६**

यस कम्पनीको मिति २०८२/०३/१५ गतेको साधारण विषेश सभाको निर्णय बमोजिम कम्पनीको साविकको नाम **पिक कन्सल्टिङ्ग (दर्ता नं. २६००६७)** को नाममा रहेको चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण दायित्व परिवर्तित कम्पनी **क्याटालिस्ट ग्लोबल पाथवे प्रा.लि**.ले सकार्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराउँछौं ।

### बिमालेख हरायो

मिति २०८२/०३/०६ गते ललितपुर, इमाडोलबाट पुलचोक जाने क्रममा मेरो निम्न व्यहोरा भएको **बिमालेख** हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

**नाम : स्वस्तिका पराजुली**
**बिमालेख नं.: PCI१८१०००३५६८**
**हिमालयन लाइफ इन्स्योरेन्स लि.**
**ठेगाना : बागेश्वरी-३, बाँके**
**सम्पर्क नं : ९८४८२६४४२२**

### कर्मचारी हटाइएको सम्बन्धी सूचना

यस **Employment Creation Service Pvt. Ltd.** (ई.प.नं.४००/०६०/६१) मा कार्यरत (नागरिकता नं. २४१०४८/९०) नेत्र बहादुर बुढाथोकीले आफ्नो व्यक्तिगत काम विशेषका कारण मिति २०८२/०४/०१ देखि राजीनामा दिनु भएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

श्रम इजाजत नं. ४००/०६०/६१

Employment Creation Service Pvt. Ltd.
Pancha Kumari Mandir, Sinamangal-9, Kathmandu, Nepal
Tel: +977-1-4588393, 4587496 E-mail : info@ecsmanpower.com, Website : ecsmanpower.com

### HIMALAYAN LIFE

**प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल**
**फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९**

### हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरूले बीमालेख हराएको र नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरूको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं | बिमालेख नं. | बीमितको नाम | ठेगाना | सम्पर्क |
|---|---|---|---|---|
| १. | PLI १८१०००३५६८ | स्वस्तिका पराजुली | बागेश्वरी-३, बाँके | ९८४८२६४४२२ |

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२**
Email: dhruvswamig@gmail.com

शुक्रबार, १६ साउन, २०८२

| | |
|---|---|
| **मेष** | व्यापार बढ्नाले राम्रै आम्दानि हुनेछ । |
| **वृष** | नोकरीमा पद प्राप्ति हुनेछ । |
| **मिथुन** | मिहिनेत गर्दा राम्रै अवसर पाइनेछ । |
| **कर्कट** | अप्ठ्यारा परिस्थितिलाई सामना गर्नु पर्नेछ । |
| **सिंह** | रमाइलो यात्रा, मनोरञ्जन प्राप्त हुनेछ । |
| **कन्या** | काम बन्नाले जोस जाँगर बढ्नेछ । |
| **तुला** | रोकिएका कम बन्ने नयाँ योजना । |
| **वृश्चिक** | हडबडीले कमहरु बिग्रन सक्नेछन् । |
| **धनु** | साताको प्रारम्भ उत्साहजनक हुनेछ । |
| **मकर** | महगा सामानतर्फ ध्यान जानेछ । |
| **कुम्भ** | खानपान र पहिरनमा खर्च हुनेछ । |
| **मीन** | खर्च बढ्नाले अभाव देखिन सक्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१६ साउन , २०८२ (०१ अगस्ट, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३८.६१ | १३९.२१ |
| युरो | १ को | १६०.२८ | १६०.९८ |
| पाउन्ड स्टिर्लङ | १ को | १८५.०० | १८५.८० |
| स्विस फ्रैन्क | १ को | १७२.१५ | १७२.९० |
| अस्ट्रेलियन डलर | १ को | ९०.२० | ९०.५९ |
| क्यानाडियन डलर | १ को | १००.७७ | १०१.२१ |
| सिङ्गापुर डलर | १ को | १०७.६३ | १०८.१० |
| जापानी येन | १० को | ९.३३ | ९.३७ |
| चिनियाँ युआन | १ को | १९.३२ | १९.४० |
| साउदी अरब रियाल | १ को | ३६.९५ | ३७.११ |
| कतारी रियाल | १ को | ३८.०३ | ३८.१९ |
| थाई भाट | ख १ को | ४.२७ | ४.२९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.७४ | ३७.९० |
| मलेसियन रिङेट | १ को | ३२.७३ | ३२.८८ |
| दक्षिण कोरियन वन | १०० को | ९.९६ | १०.०० |
| स्विडिस क्रोनर | १ को | १४.३८ | १४.४४ |
| डेनिस क्रोनर | १ को | २१.४८ | २१.५७ |
| हङकङ डलर | १ को | १७.६६ | १७.७३ |
| कुवेती दिनार | १ को | ४५३.७० | ४५५.६६ |
| बहराइन दिनार | १ को | ३६७.६८ | ३६९.२७ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# खिर खाएर मनाइयो साउन १५

**काठमाडौं (प्रस)**– सांस्कृतिकरूपमा मनाइँदै आएको साउन १५ गते बिहीबार नेपाली समाजमा खिर खाएर मनाइएको छ । साउन १५ गते खिर खाने प्राचीनकालदेखिको नेपाली परम्परा छ । दूधमा मरमसलालगायत चिजबिज हालेर बनाइने खिरले स्वास्थ्यलाई राम्रो गर्ने भएकाले यसको परम्परा बसेको विश्वास गरिन्छ । घर, कार्यालय एवं साथीभाइ जम्मा भएर खिर खाने चलन बढ्न थालेको छ । खिरको संस्कृति प्रवर्द्धन गर्न कार्यक्रम समेत आयोजना गर्ने गरिएको छ ।

संस्कृत भाषामा पायस भनिने खिर सात्विक आहारमध्येमा उत्तम मानिने भएकाले पितृ एवं देव कार्यमा पनि महत्वपूर्ण वस्तु मानिएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चांग निर्णायक समितिका पूर्वअध्यक्ष प्रा.डा. रामचन्द्र गौतम बताउँछन् ।

साउन महिनामा गाउँघरमा खेतीपातीको काम सकिन्छ । हरियाली बढी हुने भएकाले घाँस बढी पाइन्छ । घाँस पाइने बेलामा गाई, भैँसीले दूध पनि धेरै दिन्छन् । दूध धेरै भएपछि इष्टमित्र, चेलबेटीलाई खिर खुवाउने चलन चलेको हो । साउन भगवान् शिवको महिना हो । शिवलाई दूध र दूधमा बनेका परिकार मनपर्ने भएकाले खिरलगायत मिठाइ विधिपूर्वक चढाइन्छ । यसैले गर्दा साउनको मध्य पारेर खिर खाने चलन चलेको हुनसक्ने धर्मशास्त्रविद् गौतम बताउँछन् । तर यसको कुनै शास्त्रीय वचन भने छैन ।

ऋषिमुनिको पालादेखि नै श्राद्धलगायत पितृ कार्यमा निमन्त्रणा गरिएका ब्राह्मणलाई पायस अर्थात् खिर खुवाउने गरिएको थियो । अहिले पनि वैदिक सनातन धर्मावलम्बीले श्राद्धका दिन अनिवार्य रूपमा गाईको दूधमा पायस अर्थात् खिर बनाउँछन् । चामल, साबधाना, सेवइ, मकै, गाजरलगायतको खिर बनाउने गरिन्छ । साबधानालाई फलफूलकै वर्गमा राखिन्छ । यसैगरी साउन महिनामा हरियो मकै धेरै पाइने भएकाले मकैको खिरसमेत बनाएर खाने चलन छ । खिर खाँदा देवतालाई चढाएर खानुपर्छ भन्ने धार्मिक विश्वास रहिआएको छ ।

नेपाली बृहत् शब्दकोशले 'दूधमा पकाइएको भात, दूधमा चामल, चिनी, मसला आदि हाली पकाइएको स्वादिष्ट खाद्यपदार्थ, पायस, तस्मै' भनी खिरलाई परिभाषित गरिएको छ । नेपाली समाजमा असार १५ गते दही, च्यूरा, साउन १५ गते खिर, भदौ १५ गते पोलेको मकै, पुस १५ गते घिउखट्टे, माघ १५ गते मालपुवालगायत चिजबिज बनाएर इष्टमित्र एवं छोरी चेलीलाई बोलाएर खुवाउने र आफू पनि खाने लौकिक चलन रहिआएको छ ।

राष्ट्रिय दुग्ध विकास बोर्डले साउन १५ गतेलाई खिर खाने दिन अर्थात् खिर दिवसका रूपमा मनाउने निर्णय गरेको छ । नेपालको खाद्य नियमावलीअनुसार मानक प्रशोधित दूधमा हुने तीन प्रतिशत चिल्लो, ४.७ प्रतिशत ल्याक्टोज र ३.५ प्रतिशत प्रोटिनको गणना गर्दा प्रति १०० ग्राम प्रशोधित दूधबाट ६० प्रतिशत क्यालोरी शक्ति प्राप्त हुने बोर्डले जनाएको छ । यसैले खिरलाई राम्रो खाद्यपदार्थ मानिन्छ ।

# कार्यालय हिंडेका भट्टराई बेपत्ता



**काठमाडौं**– कार्यालय जान्छु भनी काठमाडौंस्थित धुम्बाराहीको डेराबाट निस्किएका शैलेश भट्टराई सम्पर्कबिहीन भएका छन् । एक जनासँग पैसा लिनुपर्ने भन्दै भट्टराई बुधबार बिहान घरबाट निस्किएका थिए ।

बुधबार कार्यालयबाट नआएपछि साँझ श्रीमतीले फोन गर्दा उनले एकजना मानिससँग पैसा लिनुपर्ने भएकाले साढे ९ सम्म आइपुग्ने बताएका थिए । रातिसम्म पनि नफर्केपछि बिहीबार बिहान महाराजगञ्ज प्रहरीमा उनकी श्रीमती रश्मी शर्माले निवेदन दिएकी थिइन् । ५० वर्षीया शैलेशको मोबाइल ट्र्याक गर्दा बुधबार साँझको अन्तिम लोकेसन चितवनको दारेचोक देखिएको छ । भट्टराई दिउँसो नै त्यसतर्फ गएको तर किन त्यसतर्फ गए र त्यहाँबाट कता गए भन्नेबारे कुनै जानकारी नभएको प्रहरीले जनाएको छ ।

चितवन प्रहरीले दारेचोकलगायत विभिन्न स्थानमा खोजी गर्दा बिहीबार साँझसम्म पनि भट्टराई फेला नपरेको जनाएको छ । विराटनगर पोखरियाका भट्टराई परिवारसहित काठमाडौंको धुम्बाराहीमा बसोबास गर्छन् । भट्टराईका श्रीमती र एक छोरा छन् ।

# पानी उमालेर मात्र पिउन उपभोक्तालाई कामपाको आग्रह

**काठमाडौं**– काठमाडौं महानगरपालिकाले बर्खामा पानीजन्य संक्रमणको जोखिम उच्च रहेको भन्दै उमालेको पानी मात्र प्रयोग गर्न उपभोक्तालाई आग्रह गरेको छ । बर्खाको समयमा जताजतै पानी उपलब्ध हुने भएकाले उत्पादक कम्पनीले मापदण्डविपरीत बिक्री गर्नसक्ने भन्दै कामपाले उपभोक्तालाई उमालेर मात्रै पिउने पानी प्रयोग गर्न आग्रह गरेको हो । कामपाका कृषि तथा पशुपन्छी विभागका प्रमुख नुरनिधि न्यौपानेले पानीजन्य जोखिम कम गर्नका लागि कामपाले पिउने पानी उत्पादन, ढुवानी तथा वितरण प्रणालीमा नियमित अनुगमन गरिरहेको जनाउँदै उपभोक्ताले पनि पानी उमालेर मात्र पिउनुपर्नेमा जोड दिए ।

कामपाले गत असारमामात्रै गरेको अनुगमनका क्रममा १५९ मापदण्डविपरीत पिउने पानी बोकेका जार नष्ट गरेको उनले जानकारी दिए । अनुगमनका क्रममा कामपाले पानी भित्र्याउने विभिन्न नाकामा टोली परिचालन गरी सहरबासीको आवश्यकता पूरा गराउन पानीको प्रशोधित सेवा दिने व्यवसायीका सवारीसाधन तथा जारको नियमित अनुगमन गरिरहेको जनाएको छ ।

अनुगमनका क्रममा मापदण्डविपरीत भेटिएका जारलाई कामपाले अनुगमनकै क्रममा नष्ट गरेको विभागका प्रमुख न्यौपानेले उल्लेख गरे । कुच्चिएका, फुटेका र भित्रको पानी नदेखिने अपारदर्शी जार प्रयोग नगर्न पनि कामपाले सबैलाई आग्रह गरेको छ । कमजोरी पाइएका पानी उत्पादक कम्पनीलाई मापदण्डविपरीत प्रशोधित जार बिक्री नगर्न, जारमा स्पष्ट विवरण खुलेको लेबल राख्न, कम्पनीले जारी गरेको बिलबीजक गाडीमा लिएर हिँड्न निर्देशन दिइएको न्यौपानेले जानकारी दिए ।

# महोत्तरीमा बल्ल ३५ प्रतिशत रोपाइँ

■ गोपालप्रसाद बराल

**महोत्तरी**– साउन दोस्रो साता लागिसकेको छ । लामो खडेरीले आत्तिएका यहाँका किसानले अझै आकाश ताक्न छाडेका छैनन् । आकासेपानीको भरमा रहेका किसान साउन दोस्रोसम्म वर्षा भएर रोपाइँ गर्न पाइन्छ कि भन्ने आशामा आकाश ताक्दै बसेका छन् । रोपाइँको समय घर्कँदै जाँदा पनि यहाँका किसान वर्षा भइहाले अलिअलि भए पनि रोपाइँ गर्न पाइन्थ्यो भन्ने आशमा बसेका हुन् ।

'मध्य साउनमा धानको रोपो लहलहाउनुपर्ने हो, हामी अझै पानी परे रोप्न पाइन्थ्यो कि भन्ने आशमा छौं,' भंगाहा-१ का किसान रामकिसन मण्डलले भने । यसपालि धानको बीउ राख्ने, बीउ रोप गर्ने र खरुअन (कलम, पहिलो रोपो गाँजिएपछि उखेलेर रोप्ने) रोपका परम्परागत तालिका पानी नपरेर त्यसै बितेका उनको भनाइ छ ।

मधेससहित महोत्तरीमा गत जेठ २२ भित्र बीउ राख्ने, असार २२ भित्र बीउ रोप सक्ने र साउन २२ गतेभित्र खरुअन रोपीसक्ने तालिका मानिन्छ । खरुअन बीउ अपुग हुँदा र बर्खे धान तथा अन्य बाली काटेर रोपाइँ गरिन्छ । यसपालि पानी नपर्दा यी तालिका सबै खल्बलिएका स्थानीय इस्राफिल राइनले बताए ।

पानी पर्ला र धान रोपौंला भन्ने आशैआसमा मध्य साउन बित्न लाग्दासम्म रोपाइँ हुन नसकेपछि किसान चिन्तित छन् । गत सोमबार एकछिन परेको पानीले ब्याडमा पहेँलिँदै गरेको बीउ र अघिको रोपो जगाए पनि नयाँ रोपाइँका लागि नभएको किसान बताउँछन् । जिल्लामा साउन दोस्रो सातासम्म ३५ प्रतिशत रोपाइँ भएको कृषि ज्ञान केन्द्र महोत्तरी कार्यालयले जनाएको छ । रोपिएको धान पनि सर्वसाधारणका लागि निकै खर्चिलो भएको बताइएको छ ।

'आफ्नो खेतमा इनार/बोरिङ केही छैन । सबै भाडामा चलाउन पर्दा घरमा भएको अन्नपात सबै सकियो,' बर्दिबास-७ का किसान रितबहादुर खत्रीले भने, 'यस वर्ष खाद्यसंकट हुने जोखिम छ, के खाएर जीविकोपार्जन गर्ने हो चिन्ता लाग्छ । पानी पर्लाकी भन्ने आशले आकाश ताक्दाताक्दै आँखा टट्टाएका उनको भनाइ छ ।

'अब पानी पर्ला भनेर आकाश ताक्छौं, पानी पर्दैन । चैत वैशाखको हुरहुरे बतास पो चल्दै छ,' खत्रीले भने, 'पूर्वीया यो रुखो बतासले खेतबारीमा भाएको चिस्यान पनि रुख्याउँदै छ ।' विरक्तलाग्दो मौसमले कामको जाँगर सबै हराएको किसान बताउँछन् । असार २२ ताका सक्नुपर्ने बीउ रोप साउन दोस्रो सातासम्म नभएको किसानको दुखेसो छ । अब पानी परिहाले पनि बीउ अपुग भएर रोपाइँ बढ्ने स्थिति नरहेको किसानको निष्कर्ष छ । यसअघि रोपिएका धान पनि राम्ररी नगाजिँदा खरुअन हुने सम्भावना नदेखिएको किसान खत्रीले बताए ।

यसपालि मधेस खडेरीको संकटमा छ । सरकारले तीन महिनाका लागि विपद् संकटग्रस्त क्षेत्र घोषणा गरिसकेको छ । मधेसमा हालसम्म करिब ५० प्रतिशत पनि रोपाइँ भएको छैन भने महोत्तरीको करिब ३५ प्रतिशत छ । महोत्तरीमा कूल ७१ हजार हेक्टर खेतीयोग्य जग्गा भएमध्ये ४२ हजार ५०० हेक्टरमा धानखेती गर्न मिल्ने जिल्लास्थित कृषि ज्ञान केन्द्रका प्रमुख एवं वरिष्ठ कृषि अधिकृत देवानन्द यादवले जानकारी दिए । उनका अनुसार यहाँ १० प्रतिशत जग्गामा मात्र स्थायी सिँचाइ (कुलो, नहर) को व्यवस्था हुँदा अधिकांश खेती आकासेपानीमा निर्भर छ ।

पछिल्ला केही वर्षयता वैकल्पिक सिँचाइका प्रबन्धका लागि इनार, डिपबोरिङ र स्यालोटचुबबेल जडान गरिएकाले थप १० प्रतिशत जग्गामा सिँचाइ सुविधा पुगेको यादवले बताए । यसपालि लामो समयसम्म परेको खडेरीले कुलो, नहरका पानीका मुहान तथा इनार, बोरिङ पनि धमाधम सुक्दै जाँदा संकट चुलिँदै गएको उनको भनाइ छ । पानीको हाहाकारका बीच किसानले भूमिगत सिँचाइका स्रोतबाट ३५ प्रतिशत रोपाइँ सकेका उनले जानकारी दिए ।

न्यूनतम स्रोतसाधन र सुविधा नहुँदा कहिल्यै समयमा खेती लगाउन नपाएको किसानको गुनासो छ । सिँचाइ, मल, बीउ र समयसमयमा प्राविधिक सल्लाहको सुनिश्चितता भए सहजरूपमा खेती गर्न सकिने किसान बताउँछन् । तीनै तहका सरकारले यसतर्फ समन्वयात्मक पहलकदमी लिएनुपर्नेमा उनीहरूले जोड दिए । *रासस*


## तु-आवश्यकता

यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरूबाट आफ्नो बायोडाटासहित यथाशीघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

1. ADMINISTRATIVE SECRETARY - (2 PAX)
2. PUBLIC RELATION OFFICER (PRO) - (5 PAX)

नोट: अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, सम्बन्धित क्षेत्रमा दक्ष, कम्प्युटरको राम्रो ज्ञान भएको हुनुपर्ने छ ।

★ तलब: आपसी समझदारीमा
★ आवेदन तल दिइएको ठेगानामा पठाउन सकिनेछ ।

CENTRAL CAPITAL SERVICES PVT.LTD.
श्रम ईजाजत नं. ५७४/०६२/०६३
Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
E-mail : info@centralcapitalservices.com, md@centralcapitalservices.com



## युएइमा रोजगार

कम्पनी : OASIS CLEANING SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०४/१५ | LT. No. 327230 | चलानी नं. ६०२४२०९६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 15 | 0 | 1000 | ३८,०९१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २३ गते (8th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MOBHIRA OVERSEAS SERVICE PVT. LTD.
Basundhara, Kathmandu, Nepal, Tel: +977 -014982832
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com
Govt. License 083/053/054



## कुवेत/कतारमा रोजगार

कम्पनी : AL-AHRAM FACTORY

पूर्व स्वीकृति मिति : २०८२/०४/१५ | LT. No. 328200 | चलानी नं. ६०२४२०२७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ordinary Labourer/factory Helpers | 50 | 0 | 100 | ४५,७३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : INDO & NOODLES RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०४/१५ | LT. No. 327741 | चलानी नं. ६०२४२०२९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Chef (Asst. Cook) | 5 | 0 | 150 | ६८,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २३ गते (8th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | 10,000 | रु.७००/- कामदार आफैंले | कामदार आफैं |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

FEWA OVERSEAS PVT. LTD
1559/079/80
Kageshwori, Manohara-9, Airport Nagar, Gothatar, Kathmandu, Nepal, Tel: 01-5914530, 9808655324, 9813432386, 9827644060, Email : fewaoverseas11@gmail.com, Web: www.fewaoverseas.com.np


## कुमारी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.(चावहिल काठमाडौं)

को नाममा रहेको

### गैह्र- बित्तिय सम्पत्ति लिलाम बिक्री सम्बन्धी ३५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको सूचना

**प्रकाशित मिति : २०८२/०४/१६ गते शुक्रबार**

यस कुमारी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. (कुमारी बिल्डिङ्ग)चावहिल काठमाडौंको नाममा रहेको तपशिल बमोजिमको गैह्र बित्तिय सम्पत्ति जग्गा लिलाम बिक्री सम्बन्धि जे-जस्तो अवस्थामा छ सोही अवस्थामा यस कार्यालयले लिलाम बिक्री गर्नुपर्ने भएकोले निम्न शर्तहरु सहित लिलाम सकार गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुबाट रीतपूर्वक गोप्य शिलबन्दी बोलपत्र आवहान गरिएकोछ ।

**तपशिल**

| क्र.सं. | संस्थाको नाममा रहेको गैह्र बित्तिय सम्पत्तिको बिवरण | बोलपत्र फारम दस्तुर |
|---|---|---|
| १. | भक्तपुर जिल्ला ताथली गा.वि.स. वडा नं. ८<br>नक्सा सिट नं.८ट<br>कित्ता नं. १२०८ र १२११<br>क्षेत्रफलः क्रमशः ०-७-०-३ (२२८.५) ब.मि.० र ०-७-१-३ (२३६.४५ ब.मि.) क्षेत्रफलमा रहेको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | रू.५००।- |

**लिलामका शर्तहरू:**

१). शिलबन्दी बोलपत्र आवेदन फारम यस संस्थाको मुख्य कार्यालय चावहिल, काठमाडौंबाट रू.५००।- (अक्षरुपी पाँच सय रुपैया मात्र)पछि फिर्ता नहुने गरी तिरी प्राप्त गर्न सकिनेछ ।
२). शिलबन्दी बोलपत्रमा भागलिन इच्छुक व्यक्ति तथा संस्थाले मिति २०८२ साल भाद्र १९ गते दिनको ३:०० बजे भित्र मूख्य कार्यालय चावहिल, काठमाडौंमा दर्ता भै सक्नुपर्ने छ ।
३). शिलबन्दी बोलपत्र २०८२ साल भाद्र २० गते शुक्रबार दिनको २:००बजे मूख्य कार्यालय चावहिल, काठमाडौंमा बोलपत्रदाता हरु वा निजले लिखित रुपमा नियुक्तगरेको प्रतिनिधिहरु र अन्य पदाधिकारी हरुको रोहवरमा शिलबन्दी बोलपत्र खोल्ने कार्य सुरु गरिनेछ । बोलपत्र दाताहरु वा निजको प्रतिनिधी समेत उपस्थित नभएमा पनि शिलबन्दी बोलपत्र खोल्ने कार्यमा बाधा पर्नेछैन । उक्त दिन सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खूलेको दिनमा सोहि स्थान र समयमा उक्त कार्य हुनेछ ।
४). बोलपत्र स्वीकृत भएमा कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेखगरी कबोल गरेको अंकको कम्तीमा १० प्रतिशत धरौटी रकम नगद वा संस्थाको नाममा जारी गरिएको Good For Payment गरिएको A/C Payee चेक वा बैंक भौचरको सक्कल प्रति बोलपत्र स्वीकृत हुना साथ पेश गर्नपर्ने छ । बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ (सात) दिन भित्र बाँकी रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति नामसारी गर्दालाग्ने सम्पूर्ण खर्च समेत सकार गर्ने व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले व्यहोर्नु पर्नेछ । तोकिएको म्याद भित्र रकम जम्मा गरी आफनो नाममा सम्पत्ति नामसारी गरी नलिएमा धरौटि रकम फिर्ताहुने छैन ।
५). शिलबन्दी बोलपत्र पेशगर्ने व्यक्तिको हकमा निजले नागरीकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, फर्म, संगठित संस्था वा कम्पनिले संचालक समितिको निर्णयको प्रतिलिपी, इजाजत प्राप्त दर्ता प्रमाण पत्रको प्रतिलिपी, मु.अ.क. वा आय कर दर्ता प्रमाण पत्रको प्रतिलिपी को साथै अख्तीयारी प्राप्त व्यक्तिको नागरीकता तथा संस्थागत परिचयपत्र पेश गर्नुपर्ने छ ।
६). कुनै शर्त राखी पेशगरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोलपत्र स्वत रद्ध हुनेछ ।
७). लिलाम सम्पत्तिको निरीक्षण गर्नचाहेमा शिलबन्दी बोलपत्र पेशगर्नु अगावै कार्यालय समय भित्र यस संस्थाको मूख्य कार्यालय कुमारी बिल्डीङ्ग चावहिल काठमाडौंमा सम्पर्क राखि सम्पत्ति निरीक्षण गर्न सकिनेछ ।
८). कुनै कारण खुलाइ वा नखुलाई शिलबन्दी बोलपत्र स्वीकृत, अस्वीकृत वा स्थगित गर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ
९). अन्य शर्त हरु बोलपत्र फारममा उल्लेख गरीएबमोजिम हुनेछ ।

**शिलबन्दी बोलपत्र दर्ता गर्ने अन्तिम मिति** :- २०८२/०५/१९ गते बिहीबार
**शिलबन्दी बोलपत्र खोल्ने मिति** :- २०८२/०५/२० गते शुक्रबार (सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट)
**स्थान** : संस्थाको मुख्य कार्यालय चावहिल मा
**समय** : दिउँसो २.०० बजे
**विस्तृत जानकारीको लागि**
**कुमारी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.(चावहिल)-७ ,काठमाडौं ।**
**फोन नं.: ०१-४५७८००६, ४५६५१०२, ४५६५२५६, ४५६५२७४ मा सम्पर्क गर्नुहोला ।**


## युएइमा रोजगार

कम्पनी : E M G SECURITY SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०४/१४ | LT. No. 328199 | चलानी नं. ६०२४२०७८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 16 | 0 | 1200 | ४५,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Security | 15 | 0 | 1700 | ६४,७५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २३ गते (8th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ALMIGHTY INTERNATIONAL MANPOWER SERVICES PVT.LTD.(JAYA SHREE HANUMAN)
Govt. License No. 1440/074/75
Basundhara-03,Kathmandu, Nepal, Tel: 015906717
E-mail : almightynepal@gmail.com, Web: www.aimsrecruitment.com


## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल साउन महिना १६ गते शुक्रबार)

यस विकास बैंकको शाखा कार्यालय पार्वतीपुरबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औ दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**क) कर्जा शिर्षक : साना ब्यक्तिगत कर्जा**

**ऋणीको विवरण**

पदमलाल देवकोटाको नाति यमनाथ देवकोटाको छोरा चितवन जिल्ला भरतपुर वडा नं. १ हाल, भरतपुर म.न.पा वडा नं. २७ बस्ने **सरोज देवकोटा** (ना.प्र.नं. :३५/५०२६३ जारी मिति र जिल्ला : २०६६/०९/२० , चितवन)

**व्यक्तिगत धनजमानीकर्ताको विवरण**

१) पदम बहादुर थापा मगरको छोरी यमनाथ देवकोटाको बुहारी सरोज देवकोटाको पत्नी चितवन जिल्ला भरतपुर उ.प.न.पा वडा नं. १ हाल, भरतपुर म.न.पा वडा नं. २७ बस्ने **विद्या थापा देवकोटा** (ना.प्र.नं. : ३५-०१-७२-०३९३६ जारी मिति र जिल्ला : २०७२/०४/१०, चितवन)

२) तारानाथ पौडेलको नाति खुम प्रसाद पौडेलको छोरा चितवन जिल्ला गितानगर वडा नं. ६ हाल, भरतपुर म.न.पा वडा नं. १५ बस्ने **चन्द्र प्रसाद पौडेल** (ना.प्र.नं. : ३५१०२२/०५९ जारी मिति र जिल्ला : २०६७/०३/०१, चितवन)

**ख) कर्जा शिर्षक : साधरण कर्जा**

**ऋणीको विवरण**

पदम बहादुर थापा मगरको छोरी यमनाथ देवकोटाको बुहारी सरोज देवकोटाको पत्नी चितवन जिल्ला भरतपुर म.न.पा वडा नं. २७ बस्ने **विद्या थापा देवकोटा** (ना.प्र.नं. : ३५-०१-७२-०३९३६ जारी मिति र जिल्ला : २०७२/०४/१०, चितवन)

**व्यक्तिगत धनजमानीकर्ताको विवरण**

१) तारानाथ पौडेलको नाति खुम प्रसाद पौडेलको छोरा चितवन जिल्ला गितानगर गा.बि.स वडा नं. ६ हाल, भरतपुर म.न.पा वडा नं. १५ बस्ने **चन्द्र प्रसाद पौडेल** (ना.प्र.नं. : ३५१०२२/०५९ जारी मिति र जिल्ला : २०६७/०३/०१, चितवन)

२) पदम बहादुर थापा मगरको छोरी भक्त बहादुर थापाको बुहारी गोपाल बहादुर थापाको पत्नी तनहुँ जिल्ला भानु न.पा. वडा नं. १० हाल, चितवन जिल्ला भरतपुर म.न.पा वडा नं. २७ बस्ने **पुनम थापा मगर** (ना.प्र.नं. : ४३-०१-७७-७६०९ जारी मिति र जिल्ला : २०७७/१२/२३, तनहुँ)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :**
मिति २०८२/०२/०९ को हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|
| सरोज देवकोटा | चितवन जिल्ला मेघौली वडा नं. ७ | ७घ | २९७ | १०५.६४ |
| | | | २९९ | ६१.२८ |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८२/०५/०५ गते विहीबार भित्र यस बैंकको शाखा कार्यालय पार्वतीपुर आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको खाता नं. ०१३-९२७७४१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर वा सो बराबरको यस बैंकको नाममा खिचिएको पेश गर्ने अन्तिम मिति भित्रको Good For Payment Cheque संलग्न गर्नु पर्नेछ ।
५) प्राप्त बोलपत्रहरु मिति २०८२/०५/०६ गते शुक्रबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय पार्वतीपुरमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
६) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## संकट छाडेर सत्ताकै छलफल किन ?

शीर्ष दलका नेताहरु दिनहुँजसो बालुवाटारमा भेटवार्ता हुन्छ । सत्ताधारी दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा आफ्ना पदाधिकारी र नेता बोकेर बेलाबेला बालुवाटार पुग्छन् । प्रधानमन्त्री केपी शर्मा ओलीको कार्यशैलीप्रति सत्तारुढ दल रुष्ट छन् । ओली मन्त्रिपरिषद्का मन्त्रीहरु विभिन्न प्रकरणमा मुछिएका कारण कांग्रेस संस्थापनइतरले असन्तुष्ट जनाउँदै आएको छ ।

सायद यही विषयमा गठबन्धन दलका नेताहरुबीच बालुवाटारमा छलफल हुन्छ । ओली – देउवाको भेटको गसिप बन्छ मन्त्री हेरफेर । उपल्ला निकायमा नियुक्तीका विषय । जनताप्रति उत्तरदायी हुन नसकेका मन्त्रीहरु हटाउनु राम्रै विषय हो । रिक्त स्थानमा नियुक्ती पनि राम्रै विषय हो । तर सरकारले भ्रष्टाचारमा आरोपित मन्त्रीहरुलाई अझै पनि हटाउन सकेको छैन । बरु राजनीतिमा नयाँ नयाँ प्रकरणहरु सिर्जना भइरहेका छन् । ती प्रकरण टालटुल गर्नमै सत्तारुढ दलको ध्यान देखिन्छ । सुशासनको नारासहित बनेको यो सरकारलाई दिशानिर्देश गर्न उच्चस्तरीय राजनीतिक संयन्त्र पनि छ । तर यो संयन्त्र यन्त्र हराएको मेसिन झैं देखिन्छ ।

किनभने अहिले मधेशमा सुक्खाको संकट छ । हिमाली तथा पहाडी क्षेत्र बाढी पहिरोले ग्रस्त छ । यो बेला सत्तारुढ दलको बैठकमा यस्ता संकट कसरी समाधान गर्नेबारेमा बहस हुनुपर्ने हो । तर यो विषय न त संयन्त्रलाई चासो छ न त सत्तारुढ दललाई नै । मधेशमा बोरिङ गरेर पानी निकाल्न नसक्ने अवस्था सिर्जना भएको छ । सरकारले संकटग्रस्त क्षेत्र घोषणा गरे पनि बजेट व्यवस्थापन गरिदिएको छैन । पहाडी क्षेत्रमा बाढीपहिरोको त्रास जोखिम उत्तिकै छ ।

पछिल्लो दुई महिनामा मनसुनजन्य घटनाका कारण ४३ जनोका मृत्यु भएको छ भने १९ जना बेपत्ता भएका छन् । सबैभन्दा बढी क्षति यसपटक रसुवागढीमा भोटेकोशी बाढीका कारण भएको छ । पहाडी क्षेत्रमा पनि मनसुन औसत कम भएको देखिन्छ । सत्तारुढ दलले यस्तो विषयमा छलफल गरी नागरि कस्तरमा विपद् सामना गर्ने र पूर्वतयारीबारे चेतना फैलाउनुपर्ने हो । कृषि पेशामा आश्रित परिवारलाई आम्दानीका वैकल्पिक स्रोत व्यवस्थापन गर्नुपर्ने हो । यसैगरी राहतका कार्यक्रम अघि बढाउनु पर्ने हो । तर सरकार भने दैनिक कुन मन्त्री फेर्ने, कुन मन्त्री जोगाउने भन्ने विषयमा छलफल गर्दै दिन बिताउने गरेको देखिन्छ । यो विल्कुलै गलत अभ्यास हो । अब जनताले, सञ्चारमाध्यमले पनि प्रश्न गर्ने दिन आइसक्यो, संकट र विपद्को बारेमा सत्तारुढ दलबीच किन छलफल हुन्न ?

# नेपालमा कृषिबजारको अवस्था



■ गम्भीरबहादुर हाडा

> ऐन नियमहरु समयसापेक्ष नहुनु, भएका ऐन नियमको कार्यान्वयन कमजोर हुनु, सरकारी लगानी न्यून रहनु र कृषक तथा व्यवसायीहरूले सर्वसुलभ रूपमा ऋण र प्राविधिक सहयोग समयानुकूल पाउन नसक्नु प्रमुख समस्याका रूपमा रहेका छन् । कृषि व्यावसायीकरण र व्यापारतर्फ उत्पादनको लागत, गुणस्तर तथा समग्र प्रवृत्ति प्रतिस्पर्धी र बजारमुखी हुन नसक्नु, निर्यात सम्भाव्यता भएका बाली र वस्तुहरु तथा सोको मागसम्बन्धी अनुसन्धानमा कमी हुनु, मागअनुरुप उत्पादन विविधीकरण गरी बजारमा पुऱ्याउन नसक्नु, विविध क्षेत्रमा आवश्यक वैज्ञानिक तथा अन्य जनशक्तिको व्यवस्थापन कमजोर हुनु, प्रयोगशालालगायत अनुसन्धानका पूर्वाधारहरुको कमी हुनुजस्ता समस्या विद्यमान छन् ।

कृषक आफूले उत्पादन गरेका वस्तुहरूमध्ये चाहिनेजति राखेर अरुलाई बिक्री गर्छन् । ती आयबाट अन्य आवश्यक वस्तुहरू खरिद गर्छन् । यसरी बिक्री हुने वस्तुको उचित मूल्य भएमात्र बिक्री गर्ने व्यवस्था हुनु आवश्यक छ । कहिलेकाहीँ कृषकहरू आवश्यक वस्तुको आपूर्ति गर्नलाई कृषि उत्पादनका वस्तुहरू कम मूल्यमा पनि बिक्री गर्न बाध्य हुन्छन् । अतः यस्तो बजार, जहाँ कृषकहरूले आफ्नो कृषि उत्पादनहरू उचित मूल्यमा खरिद बिक्री गर्छ भने त्यो कृषिवस्तु बजार हो । यस्तो बजार व्यवस्था भएकोलाई नै कृषिवस्तु बजार व्यवस्था भनिन्छ ।

नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको महत्त्वपूर्ण स्थान भएकाले यस क्षेत्रको विकास गर्नका लागि अन्य विभिन्न पूर्वाधारहरूका साथै कृषिबजारको पनि विकास हुनुपर्दछ । सुव्यवस्थित कृषिबजारको विकास भएमा कृषकहरूले आफ्नो उत्पादनको उचित मूल्य पाउँछन् । जसबाट कृषि उत्पादन बढाउने प्रोत्साहन प्राप्त हुन्छ । उनीहरू स्थानीय मध्यम व्यापारीबाट शोषित हुँदैनन् र यसबाट उनीहरूको आम्दानी बचत र लगानी गर्ने क्षमता बढ्दछ । फलस्वरूप यसको अनुकूल असर समग्र अर्थव्यवस्थामा पर्दछ । कृषकदेखि अन्तिम उपभोक्तासम्म कृषिबजारको परिचय पाउनु आवश्यक छ । कृषकदेखि अन्तिम उपभोक्तासम्म कृषि उत्पादन गरिने सबै किसिमका क्रियाकलापहरूलाई कृषिबजारको अर्थसँग जोड्न सकिन्छ । यी क्रियाहरूमा कृषि उत्पादनलाई जम्मा गर्नु, त्यसलाई श्रेणीकरण गर्नु, भण्डारमा भित्र्याउनु, ती उपज बिक्री गर्न बजारसम्म पुऱ्याउनु तथा बिक्रीसमेत गर्ने कार्यहरू पनि पर्दछन् ।

कृषिबजार भन्नाले कृषि उब्जनीको किनबेच गरिने ठाउँलाई बुझाउँदछ । कृषकले आफ्नो कृषि उत्पादनलाई उपभोग गरेर बढी भएजति मौद्रिक बचतको रूपमा सञ्चय गर्न कुनै व्यक्तिलाई वा कुनै ठाउँमा लगेर बेच्दछ भने यसलाई कृषिबजार भनिन्छ । नेपालको कृषिबजारलाई तीन भागमा विभाजित गर्न सकिन्छ, जस्तोः क) गाउँघर, ख) हाटबजार, ग) सहरी बजार ।

यी बजारले कुनै वस्तु वा सेवा चाहेको समयमा, ठाउँमा र तिर्न खोजेको मूल्यमा उपलब्ध गराउन मद्दत गर्दछ जसबाट उपभोक्ताले सरल र उचित मूल्यमा नै त्यो वस्तु वा सेवा पाउँछ । बजार व्यवसाय जसको विस्तृत विकासले उपभोक्ताको मागको स्थिति, उपभोक्ताको रुचि वस्तुको लचकता, मूल्य लागतजस्ता कुराहरू उत्पादकले सजिलैसँग अड्कल गर्न सक्छ र बजारको अनुसन्धान गरेर उपभोक्ताको चाहनानुसार कम खर्चमै सो वस्तु उत्पादन गरी उपभोक्ताको हातसम्म पुऱ्याउन सहयोग पुऱ्याउँछ । कृषकहरूको जीवनस्तरमा कृषि उपजको मूल्यस्तरले ठूलो प्रभाव पारेको हुन्छ । सही रूपले देशको चौतर्फी विकास गर्नका लागि कृषकहरूको जीवनस्तरमा बढीभन्दा बढी सुधार ल्याउनु आजको परिप्रेक्ष्यमा आवश्यक छ । कृषकहरूको जीवनस्तर सुधार्न उनीहरूको पसिनाको उचित मूल्य दिलाउने राम्रो व्यवस्था हुनुपर्दछ ।

कृषि उपजको मूल्य दिलाउने अर्थ यो हो कि कृषकहरूले नै उपभोग गर्न पाऊन् । बीचमा कुनै फौवञ्जारले नहत्याऊन् । कृषि उपजको मूल्य निरपेक्ष नभई सापेक्ष हुनुपर्दछ । यसको मूल्य कृषि उत्पादनका लागि आवश्यक अन्य साधनहरूको मूल्यको आधारमा निर्धारण गर्नु उचित देखिन्छ । कृषि उत्पादनको उचित मूल्य किसानहरूले पाउन सकेमा यसबाट कृषि विकासमा उत्साहजनक प्रभाव पर्दछ । कृषि पेसालाई नै जीवनमार्गको रूपमा मान्न विवश नेपाली किसानहरूको आयको स्रोत कृषि उपजको बेचबिखन नै हो ।

कृषकहरूले आफ्नो अधिकांश उत्पादन गाउँमा नै बिक्री गर्ने हुँदा उत्पादक र उपभोक्ताको बीचमा मध्यस्थता गर्ने अन्य व्यक्ति हुनु स्वाभाविकै हो । अतः उत्पादकले आफ्नो उत्पादनको मूल्य उपभोक्ताले तिरेकोभन्दा निकै कम पाउँछ । हाम्रो कृषिबजार व्यवसायमा निम्न प्रकारका मध्यमवर्गी व्यापारीहरू पाइन्छन्, जस्तोः क) गाउँले साहू वा एजेण्ट, ख) फिरन्ते व्यापारी, ग) कमिसन एजेण्ट, घ) देशी र भारतीय थोक व्यापारीहरू, ङ) खुद्रा व्यापारीहरू, च) मिल मालिकहरू आदि ।

बजार सानो र ठूलो दुवै हुन सक्छन् । सानो बजारमा वस्तुहरूको लेनदेन सीमित हुन्छ भने ठूलो वा विस्तृत बजारमा ठूलो मात्रामा वस्तुहरूको लेनदेन गरिन्छ । बजारको विस्तारमा जनसंख्याको आकार, यातायात पद्धति, वस्तुको प्रकार, उपभोक्ताको आयस्तरलगायतले प्रभाव पार्दछ । ग्रामीण हाटबजार भन्नाले कुनै निश्चित स्थान र समयमा माल सामानहरूको खरिद तथा बिक्री गर्नेहरूको भेला हुने ठाउँलाई बुझाउँछ । यस किसिमको ग्रामीण हाटबजारमा वस्तुहरूको पूर्ति मागअनुसार लचिलो हुँदैन । कृषि उपजको उत्पादन लागतअनुसारको बिक्री मूल्य र बजारको सुनिश्चित गर्न धान, गहुँ, उखु, दूध, कफीलगायतका बाली तथा पशु उपजहरूको न्यूनतम समर्थन मूल्य निर्धारण गरी लागू गरिएको छ । कृषकलाई मूल्यमा ठगिन नदिन यस्तो व्यवस्था गरिएको हो ।

सोह्रौं योजना (२०८०/८१–२०८५/८६) मा कृषिबजार तथा कृषि मूल्य निर्धारण गर्ने कार्यक्रम तथा नीति समेटिएका छन् । जसमा कृषि तथा उद्योग क्षेत्रमा रहेको बढ्दो उत्पादन लागत कमजोर प्रतिस्पर्धी क्षमताको अवस्थालाई सम्बोधन गर्नु, औद्योगिक कच्चा पदार्थको सहज आपूर्तिका लागि कृषिमा आधारित उद्योगको स्थापनामा जोड दिने लक्ष्य राखिएको छ । स्थानीय उत्पादनलाई प्रश्रय दिई आयातीत वस्तुमाथिको निर्भरता घटाउने, उत्पादक र बजारबीच मध्यस्थकर्ताको कारणले वास्तविक उत्पादकले लाभ प्राप्त गर्न अवरोध सिर्जना हुने विद्यमान प्रणालीको अन्त्य गर्ने पनि नीति र कार्यक्रम राखिएको छ ।

कृषिको उत्पादन र उत्पादकत्व बढाउन उत्पादनका साधन, कृषि पूर्वाधार (सडक, ऊर्जा तथा सिँचाइलगायत) तथा प्रविधि र सामग्रीको सहज उपलब्धता सुनिश्चित गरी प्रभावकारी परिचालन गर्ने उद्देश्य राखिएको छ । तीनै तहका सरकारको समन्वयमा कृषिको व्यावहारिक वर्गीकरण गरी कृषियोग्य भूमिको संरक्षण गर्ने तथा बाँझो जमिनको उपयोग गर्ने, भूमि खण्डीकरण न्यूनीकरण र बृहत् उत्पादन क्षेत्र स्थापना गरी कृषिको उत्पादन बढाउने पनि रणनीति राखिएको छ ।

सबै स्थानीय तहको भूमिको वर्गीकरण तथा भू-उपयोग योजना तर्जुमा गरी प्रभावकारीरूपमा कार्यान्वयन गर्ने र हाल सञ्चालनमा रहेका कृषिसम्बन्धी कार्यक्रमहरूको पुनर्संरचना गरी नयाँ मोडेलमा सञ्चालन गर्ने, कृषि उत्पादनको बजार सुनिश्चित गर्न आन्तरिक उत्पादनको उपभोग अभिवृद्धि गर्ने उद्देश्य र कार्यक्रम पनि राखिएको छ । यसको साथसाथै ताजा तरकारी तथा फलफूल खाडी मुलुकहरूमा निर्यात गर्ने कार्यक्रम राख्ने, कृषि वस्तुको प्रशोधन उद्योग तथा कृषि उपजलाई कच्चा पदार्थको रूपमा उपयोग गर्ने उद्योग स्थापना गर्न सुविधा प्रदान गर्ने र सातै प्रदेशमा एग्रो इण्डस्ट्रियल पार्क स्थापना गर्ने कार्यक्रम पनि राखिएको पाइन्छ ।

चालु आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्यमा बाली लगाउने समयभन्दा १५ दिन अगावै धान, मकै, गहुँ, उखु, कफीलगायतका उत्पादनको समर्थन मूल्य तोकिनुका साथै ती वस्तुको बजार अभाव भएको अवस्थामा खाद्य तथा व्यापार कम्पनी लिमिटेडमार्फत खरिद गर्ने व्यवस्था मिलाइने कार्यक्रम राखिएको छ । बाली लगाएपछि अग्रिम कृषि उपज खरिद सम्झौता गरिनुका साथै अर्गानिक फलफूल, तरकारी, मासुलगायत उच्च मूल्यका कृषि उपजको निर्यात वृद्धि गर्न प्लाण्ट, खाद्य तथा पशु क्वारेन्टिन र प्रयोगशालाको गुणस्तर सुधार गरी अन्तर्राष्ट्रिय मान्यता प्राप्त बनाइने नीति लिइएको छ ।

जनसंख्याको आधारमा पहाड र तराईमा रहेका ग्रामीण हाटबजारहरूको संख्या ज्यादै नमिल्दो छ । खासगरी पहाडी भेगमा हाटबजार नपुग देखिन्छ भने तराईवासीहरूले हाटबजारबाट अत्यधिक लाभ उठाएको देखिन आउँछ । उच्च पहाडमा जनसंख्या र हाट बजारको प्रतिशत झण्डै सामान देखिन आए पनि उच्च पहाडमा ग्रामीण हाटबजारको संख्या कम भएकोले यो इलाकाले पनि हाटबजारको लाभ उठाउन ज्यादै पछाडि परेको देखिन आउँछ । तराई र पहाडको बीचमा ग्रामीण हाटबजारको सुविधामा अत्यधिक दूरी रहेछ भन्ने कुरा यसबाट थाहा हुन आउँछ । हाम्रो जस्तो अविकसित अर्थतन्त्र र २३ प्रतिशत जनता गरिबीको रेखामुनी रहेको ग्रामीण जनसंख्याको आर्थिक उन्नतिका लागि बजार विकासले ठूलो योगदान दिन सक्छ किनभने बजारको स्थापनाले नै कृषि उत्पादन वृद्धि हुन सक्छ भन्ने नयाँ नारा प्रचारप्रसारमा आइसकेको छ । जसअनुसार देशमा कृषि उत्पादन वृद्धि गर्नका लागि चाहिने प्रेरणा प्रत्यक्ष वा अप्रत्यक्षरूपले कृषक वर्गको बीचमा रहन जाने छ र राष्ट्रको कूल कृषि उत्पादनमा नै वृद्धि भई राष्ट्रिय अर्थतन्त्रमासमेत ग्रामीण बजारले महत्त्वपूर्ण योगदान दिन सक्ने छ ।

कृषिसँग सम्बन्धित ऐन नियमहरू समयसापेक्ष नहुनु, भएका ऐन नियमको कार्यान्वयन कमजोर हुनु, सरकारी लगानी न्यून रहनु र कृषक तथा व्यवसायीहरूले सर्वसुलभ रूपमा ऋण र प्राविधिक सहयोग समयानुकूल पाउन नसक्नु प्रमुख समस्याका रूपमा रहेका छन् । कृषि तथा पशुजन्य वस्तु उत्पादन वृद्धितर्फ साना, खण्डित र अव्यवस्थित भू-उपयोग हुनु, दोहोरो भू-स्वामित्वको स्थिति रहनु, कृषि तथा पशुजन्य उत्पादनका आधारभूत सामग्रीको पर्याप्त आपूर्ति नहुनु, उत्पादनको उपयुक्त बजार तथा मूल्य पाउन नसक्नु, कृषि तथा पशु सेवा प्रसारसम्बन्धी कार्यमा केन्द्र र जिल्लास्तरको समन्वयमा कमी हुनु, आवश्यक प्रविधि, जनशक्ति, सामग्री, प्रसार सेवा सहज र सर्वसुलभ नहुनुजस्ता समस्या रहेका छन् । कृषि व्यावसायीकरण र व्यापारतर्फ उत्पादनको लागत, गुणस्तर तथा समग्र प्रवृत्ति प्रतिस्पर्धी र बजारमुखी हुन नसक्नु, निर्यात सम्भाव्यता भएका बाली र वस्तुहरू तथा सोको मागसम्बन्धी अनुसन्धानमा कमी हुनु, मागअनुरूप उत्पादन विविधीकरण गरी बजारमा पुऱ्याउन नसक्नु, विविध क्षेत्रमा आवश्यक वैज्ञानिक तथा अन्य जनशक्तिको व्यवस्थापन कमजोर हुनु, प्रयोगशालालगायत अनुसन्धानका पूर्वाधारहरूको कमी हुनुजस्ता समस्या विद्यमान छन् ।

■■■

**श्रम सरोकार**

## सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

**के-के छन् फाइदा ?**

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

**योगदान रकम कसरी जम्मा गर्ने ?**

रकम जम्मा गर्न कतै जानै पर्दैन । अनलाइन भुक्तानी च्यानल प्रयोगकर्ताहरूले सजिलै जम्मा गर्न सकिन्छ । कनेक्ट आइपिएस, खल्ती, इ-सेवा, फोन पेलगायतका भुक्तानी प्रणालीमार्फत नियमित योगदान गर्न सकिन्छ ।

**नियमित योगदान नगरे के हुन्छ ?**

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ । कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ । तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ ।

**पाठक मञ्च**

## के कारणले असुरक्षित ठान्दै छन् बैंक तथा वित्तीय संस्था ?

प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन सम्पन्न भएपश्चात् २०७९ पुस ११ गते नेकपा माओवादी केन्द्र र नेकपा एमालेबीच सरकार गठबन्धको समझदारी भयो । चुनावमा उदाएको रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पनि सरकारमा गयो । २१ सिट जितेको रास्वपाले गृह मन्त्रालयको जिम्मेवारी पायो ।

तर, लामिछानेको कुर्सी ३२ दिनमात्र टिक्यो । उनी नेपाली नागरिक नभई अमेरिकी नागरिक भएको ठहर गर्दै सर्वोच्च अदालतले उनको तत्कालीन गृहमन्त्री तथा उपप्रधान, सांसद, पार्टी सभापतिलगायत पद खारेज गरिदियो । त्यसपछि गृह मन्त्रालय मन्त्रीविहीन बन्यो । रविपछि माओवादीका नेता नारायणकाजी श्रेष्ठ गृहमन्त्री बने ।

त्यस अवधिमा चितवनमा उपचुनाव भयो । रवि पुनः सांसद चुनिए । अनि ०८० फागुनमा उनी फेरि गृहमन्त्री बने । पुष्पकमल दाहाल नेतृत्वकै सरकार गठन हुँदा अर्थमन्त्री विष्णु पौडेल थिए । त्यसपछि काँग्रेस नेता डा. प्रकाशशरण महत र उनीपश्चात् माओवादी नेता वर्षमान पुन अर्थमन्त्री बने । अहिले देशको प्रधानमन्त्री एमाले अध्यक्ष केपी शर्मा ओली छन् । गृहमन्त्री रमेश लेखक छन् भने अर्थमन्त्री विष्णु पौडेल छन् । रोचक कुराचाहिँ के छ भने दाहाल नेतृत्वको सरकार हुँदादेखि ओली सरकारसम्म आइपुग्दा बैंक, वित्तीय संस्थासम्बद्ध संघसंस्थाहरू शान्ति सुरक्षाको माग गर्दै प्रधानमन्त्री, गृहमन्त्री, अर्थमन्त्रीकहाँ धाइरहेका छन् । गभर्नरकहाँ पनि उनीहरू पुग्ने क्रम जारी छ । पहिले गभर्नर महाप्रसाद अधिकारीकहाँ धाए त अहिले डा. विश्व पौडेल ।

मुलुकमा कुनै पनि राजनीतिक दलहरूले आन्दोलन, बन्द, हड्ताल गरेका छैनन् । न त अशान्ति नै छ । तैपनि, बैंक, वित्तीय संस्थानिकट संघसंस्थाहरूचाहिँ शान्ति सुरक्षाको माग गर्दै निरन्तर शक्तिकेन्द्र धाइरहेका छन् । आखिर किन त ? भनिन्छ, 'पाप धुरीबाट कराउँछ ।' बैंक, वित्तीय संस्थाहरूको हकमा पनि यही भएको हो ।

यिनीहरूले लाखौं सर्वसाधारणलाई सुकुम्बासी बनाएका छन् । हजारौं ऋणीलाई आत्महत्या गर्न बाध्य बनाए । धेरैको घरबारदेखि जीवन नै तहसनहस बनाइदिएका छन् । हिजो पो जनता अशिक्षित, असचेत र बैंक, वित्तीय संस्थाको लुटधन्दाबारे अजानकार थिए अहिले त जनताले यिनीहरूको ठगीधन्दाबारे प्रस्ट थाहा पाएका छन् ।

अनि जनताले आफूहरूको लुटधन्दा थाहा पाएपछि बैंक, वित्तीय संस्था डराएका हुन् । ऋणको चर्को ब्याजदर, घुस र धितो लिलामीले बैंकरहरू बद्नाम भएका छन् । कुनै पनि व्यक्तिले डुब्नका लागि ऋण लिँदैन । आफ्नो जीवनस्तर उकास्न मानिसहरूले ऋण लिन्छन् । तर, नेपालका बैंक, वित्तीय संस्थामा ठूलाबडाको कब्जा भयो । जनताको पैसामा ठूला व्यापारीको मात्र रजगज चल्यो । आमनागरिकले त ऋण पाउनै सकस । केही गर्छु भनेर करोडौंको धितो राखेर ऋण लिँदा लाखौं रूपैयाँ त बैंक, वित्तीय संस्थाका सञ्चालक, अध्यक्ष, कर्मचारीलाई घुसै खुवाउनुपर्ने ।

एक प्रतिशत सेवा शुल्क भनेर तीन प्रतिशत असुल्ने । नौ देखि १८ प्रतिशत ब्याज भनेर ८० प्रतिशत असुल्ने अनि तीन किस्ता नतिर्नेबित्तिकै करोडौंको धितो लाखौंमा झ्वाम बनाइदिने । बैंक, वित्तीय संस्थाबाट ऋण लिएका अधिकांशको यही कहानी छ । अचाक्ली बढाइएको चर्को ब्याजका कारण ऋण तिर्न नसकेको र धितो नै खाइदिएको उनीहरू बताउँछन् ।

बैंकले धितोमात्र खाएन, ऋणीको तीन पुस्तालाई समेत कालोसूचीमा राखिदियो । उसका छोराछोरीदेखि नातीनातिनीलाई नखाएको ऋणको भारी बोकाइदियो । उनीहरूलाई सरकारी जागिर खानदेखि विदेश जान, राज्यबाट उपलब्ध हुने सेवासुविधाबाट वञ्चित गराइदियो । बैंक, वित्तीय संस्थाका कारण आफ्नो वंश नै सिध्याउने धेरै छन् । तर, अब मानिसहरू बोल्न थालेका छन् । तिनीहरूको अन्याय, अत्याचारविरुद्ध जनता एकजुट हुँदै छन् । आफूहरूविरुद्ध जनता एकजुट हुँदै गएपछि बैंक, वित्तीय संस्था डराएका हुन् । जनता कडा प्रतिकारमै उत्रिने थाहा पाएपछि उनीहरू शान्ति सुरक्षाका निम्ति निरन्तर शक्तिकेन्द्र धाइरहेका छन् ।

बैंकको ऋण तिर्न नसकेर एक लाख २५ हजार बढी जनता कालोसूचीमा परेका छन् । उनीहरूको करोडको सम्पत्ति लाखमा खाइदिइएको छ । यसो गर्ने बैंक, वित्तीय संस्थामात्र होइनन्, व्यक्ति पनि हुन् । मिटरब्याजमा पैसा लगाए । एक लाखको मासिक ब्याज ३०-४० हजार असुले । अनि ऋणीले कर्जा तिर्न नसकेपछि एक लाखमै करोडौंको धितो कब्जा गरे ।

मुलुकमा राजतन्त्रको अन्त्य हुँदै लोकतन्त्र गणतन्त्रको घोषणा भयो । गणतन्त्रपछि मुलुकमा बैंक, वित्तीय संस्था च्याउ उम्रिएझैं दर्ता भए । सहकारीमात्र देशभर ३५ हजार बढी दर्ता भए । लघुवित्त, फाइनान्स हजारौंको संख्यामा दर्ता भए त बैंक पनि सयौं । सर्वसाधारणको जीवनस्तरमा सुधार ल्याउने भन्दै सरकारले यी संस्था खोल्न लाइसेन्स दियो । यिनीहरूले जनताको जीवनमा परिवर्तन त ल्याए तर नकारात्मक । गरिबलाई धनी होइन, धनीलाई गरिबचाहिँ बनाइदिए ।

अहिले जनता सरकारलाई सोध्छन्, 'हामीलाई सुकुम्बासी बनाउने ठगहरूलाई शान्ति सुरक्षा दिने कि कारबाही गर्ने ?'

**– अर्पन खड्का, ललितपुर**



**डल्लप चढेर नदी पार गरिदै** | कैलालीको धनगढी उपमहानगरपालिकास्थित शिवगंगा नदीलाई डल्लप चढेर पार गर्दै स्थानीय । बेहडाबाबा मन्दिर दर्शनका लागि पुग्ने दर्शनार्थीहरू १०० रूपैयाँ तिरेर नदी पार गर्छन् । *तस्बिरः इन्द्राकुमारी केसी/रासस*

# संकटग्रस्त क्षेत्रमा खानेपानी आपूर्तिका लागि स्थानीय तहलाई दमकल दिइने

**धनुषा (प्रस)**– मधेस प्रदेश सरकारको गृह मन्त्रालयमार्फत खरिद गरिएका आठमध्ये छ वटा दमकल स्थानीय तहलाई हस्तान्तरण गरिने भएको छ । मधेसमा जलसंकट समाधानका लागि मधेस प्रदेश सरकारका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीको अध्यक्षतामा बिहीबार जनकपुरधाममा बसेको विपद् व्यवस्थापन कार्यकारी समितिको बैठकले यस्तो निर्णय गरेको हो ।

ती दमकलमार्फत स्थानीय तहबाटै संकटग्रस्त क्षेत्रमा खानेपानी आपूर्ति सुनिश्चित गरिने जानकारी दिइएको छ । हाल सप्तरी र पर्सा जिल्लाको खानेपानी आपूर्ति गरिरहेका बाँकी दुईवटा दमकललाई सोही प्रयोजनमा लगाइने निर्णय बैठकले गरेको छ ।

गृह, सञ्चार तथा कानुन मन्त्रालयअन्तर्गत सो समितिको बैठकमा संघीय सरकारबाट भइरहेका विपद्सम्बन्धी कामको प्रगतिमाथि समीक्षा भएको मन्त्रालयले जनाएको छ । साथै, प्रदेश सरकारको आगामी कार्यदिशा तथा स्थानीय तहसँगको समन्वयमा विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउने विषयमा छलफल भएको प्रदेश गृहमन्त्री लेखीले जानकारी दिए ।



साथै, विपद् संकटग्रस्त क्षेत्रमा खानेपानी तथा सिँचाइको व्यवस्था गर्न संघीय सरकार र अन्य दातृ निकायबाट प्राप्त स्रोतसाधनलाई प्रभावकारीरूपमा प्रयोग गर्न भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयलाई कार्यान्वयनमा लैजान अनुरोध गर्ने निर्णय पनि गरिएको छ ।

बैठकले विपद् प्रभावित क्षेत्रमा कार्य प्रभावकारी बनाउन जिल्ला विपद् व्यवस्थापन समिति र प्रदेशका सम्बन्धित मन्त्रालयसँग समन्वय गरी सबै सरोकारवाला निकायलाई निर्देशन दिने निर्णयसमेत गरेको छ । त्यसैगरी, नेपाली सेनाले शान्ति मिसनबाट प्राप्त १७ वटा पानी ट्यांकर र एउटा 'बम डिस्पोजल' गाडीलाई प्रचलित कानुनअनुसार अस्थायी दर्ता गराउन प्रदेश सरकारको श्रम तथा यातायात मन्त्रालयमा सिफारिस गर्ने निर्णय पनि समितिले गरेको छ ।

गृहमन्त्री लेखीका अनुसार विपद् व्यवस्थापनलाई अझ सक्रिय, प्रभावकारी र दिगो बनाउन प्रदेश सरकारले आगामी दिनमा थप योजनाहरू कार्यान्वयनमा लैजाने निर्णय भएको छ । बैठकमा मधेस प्रदेशमा रहेका नेपाली सेनालगायत सरोकारवाला पदाधिकारीहरूको सहभागिता थियो ।

# अपांगता भएका बालबालिकालाई घरमै शिक्षा

**दोधारा चाँदनी (कञ्चनपुर)**– बेलडाँडी गाउँपालिका-२ का १० वर्षीय रितेश उपाध्याय कखरा जान्ने भएका छन् । घरको आँगनबाट बाहिर आउन नसक्ने उनले पहिलोपटक घरमै अक्षर चिन्ने मौका पाए । जन्मजात हिँड्न र बोल्न नसक्ने रितेशलाई सात महिनादेखि घरमै पुगेर स्थानीय शिक्षिका लक्ष्मी औजीले दैनिक चार घण्टा पढाउँछिन् । 'सुरुमा मान्छे देख्नेबित्तिकै भाग्थ्यो अहिले मान्छे आए भने नमस्ते गर्छ, पढ्न र बोल्न सक्ने भएको छ,' उनले भनिन् ।



रितेश खेल्न रुचाउने भएकाले खेलका माध्यमबाट सिकाउँदै आएको बताउँदै पढाइ सँगसँगै समय-समयमा उनको थेरापीसमेत गर्दै आएको जानकारी दिइन् । घरको आँगन कट्न नसक्ने लालझाँडी गाउँपालिका-३ वल्मीका मयन्क राना अहिले घर नजिकैको पूर्णिमा आधारभूत विद्यालयमा भर्ना भएका छन् । उनलाई सात महिना घरमै अध्ययन गराएपछि विद्यालयमा भर्ना गरिएको हो । एक वर्षअघिसम्म उनका आमाबुबाले आफ्नो छोरा पनि पढ्न सक्ने र विद्यालय जान सक्ने कल्पना गरेका थिएनन् । जब घरमै छोरालाई पढाउन थालियो त्यसपछि उनको आत्मबल बढेको छ ।

दातृ निकायले शारीरिक अपांगताको परीक्षणपश्चात् आवश्यक सहायता सामग्रीसमेत प्रदान गरेपछि घरको कोठामा थुनिएका मयन्क विद्यालयको कोठामा पुगेका छन् । 'मैले त छोरा यसरी विद्यालयमा भर्ना होला भन्ने कल्पना गरेकी थिइनँ,' मयन्ककी आमा श्रीमतु रानाले भनिन्, 'अहिले छोरा अलिअलि हिँड्छ, विद्यालयमा भर्ना भएको छ,' उनले छोराको खुट्टाको समस्याका कारण घरको कोठाका थुनिनुपरेको जानकारी दिँदै भनिन् ।

लालझाडी गाउँपालिकाकै छ वर्षीय एलेक्स रानालाई पनि सात महिनादेखि घरमै शिक्षकले पढाउँदै आएका छन् । 'घरको आँगन टेक्न नसक्ने एलेक्स अक्षर चिन्न थालेको छ,' शिक्षिका ललिता साहुले भनिन्, 'सात महिना त उसको घरमै गएर पढाएँ अहिले कहिले विद्यालय त कहिले घरमै गएर पढाउँदै आएकी छु ।' लालझाँडी गाउँपालिकास्थित भानु माध्यमिक विद्यालयका प्रधानाध्यापक वेदप्रसाद उपाध्यायले हाल विद्यालयमा अपांगता भएका विद्यार्थी लक्षित कक्षाकोठा व्यवस्थापन गरेर पठनपाठन भइरहेको जानकारी दिए । उनले विद्यालयमा अपांगता भएका विद्यार्थी लक्षित जनशक्ति र सिकाइ सामग्रीको अभाव भएको बताए ।

जिल्लाको बेलडाँडी गाउँपालिका र लालझाडी गाउँपालिकामा अपांगता भएका नौ जना बालबालिकालाई घरमै शिक्षिका पठाएर पढाउने व्यवस्था मिलाइएको छ । युरोपेली संघको आर्थिक सहयोग र सेभ द चिल्ड्रेनसँगको साझेदारीमा नेपाल राष्ट्रिय समाज कल्याण संघले समावेशी तथा गुणस्तरीय शिक्षा परियोजनाअन्तर्गत अपांगता भएका विद्यालय जान नसक्ने बालबालिकाको शिक्षामा पहुँचका लागि घरमै विद्यालय अवधारणाअन्तर्गत दैनिक चार घण्टा पढाउने व्यवस्था मिलाएको हो । *रासस*

# राप्ती नदीमा छाडियो १३३ गोही

**चितवन (प्रस)**– चितवन राष्ट्रिय निकुञ्जले घडियाल गोही प्रजनन् केन्द्रमा हुर्काइएका १३३ गोहीलाई राप्ती नदीमा छाडेको छ । ती मध्ये दुईवटा भाले र अन्य पोथी छन् । गत अर्थिक वर्षमा विभिन्न समयमा ती गोही राप्ती नदीमा छाडिएको हो ।

निकुञ्जका सूचना अधिकारी अविनास थापामगरका अनुसार यस वर्ष छाडिएका गोहीसहित दुई हजार ९० गोही प्रजनन् केन्द्रमा हुर्काएर विभिन्न नदीमा छाडीएको छ । त्यसमध्ये सबैभन्दा बढी राप्तीमा एक हजार ३३५ छाडिएको उनले जानकारी दिए । नारायणीमा ४१९ सप्तकोशीमा ११५, बबहीमा ११०, कर्णालीमा ४१, कालीगण्डकीमा ३५, शुक्लाफाँटाको चौधारामा २५ र बाँकेको राप्तीमा १० वटा गोही छाडिएको हो ।


अघिल्लो आर्थिक वर्ष १०५ वटा गाही छाडिएको थियो । त्यस वर्ष शुक्लाफाँटामा २५ र बाँकेको राप्तीमा १० वटा गोही पठाइएको थियो । बाँकी यहँको राप्तीमा छाडिएको हो । गत वर्ष छाडिएका गोही सन् २०२०का बच्चा हुन् । हरेक वर्ष वर्ष गोही छाड्ने गरेको भएपनि गणना गर्दा भेटिने गोहीको संख्या भने बढ्न सकेको छैन । गत वर्षको पुसमा राप्ती र नारायणी नदीमा गोही गणना गर्दा ३५२ वटामात्र भेटिएको थियो ।

हाल प्रजनन् केन्द्रमा ७८२ वटा गोही रहेका छन् । तीमध्ये यस वर्ष कोरलिएका बच्चा १८५ हुन् । अघिल्लो वर्षका १५३ हुन् भने बाँकी त्यस अघिका वर्षका हुन् । प्रजनन् केन्द्रमा एउटा पुरानो भाले गोही छ । अन्यको भाले छुट्टिएको छैन ।

घडियाल गोही संकटापन्न अवस्थामा पुगेको सरीसृप प्राणी हो । विगतमा पाकिस्तान, बंगलादेश, भुटान, म्यानमारलगायतका देशहरूमासमेत पाइने गरेको घडियाल अहिले नेपाल र भारतमामात्रै पाइन्छन् । सन् १९४० को दशकमा यसको संख्या विश्वमा १० हजार जति रहेको पाइन्छ । सन् १९७० मा त्यसको २ प्रतिशतमात्रै संख्या अस्तित्वमा रहेको पाइएपछि संरक्षणमा चासो बढेको संरक्षणकर्मी बताउँछन् ।

चितवन राष्ट्रिय निकुञ्ज स्थापना भएपछि सन् १९७५ मा कसरामा घडियाल प्रजनन् केन्द्र स्थापना गरिएको थियो । त्यतिखेर देशभरमा १०० भन्दा कम संख्यामा घडियाल गोही रहेको अनुमान गरिन्छ । नदीमा बढ्दो मानवीय चहलपहल, नदीजन्य पदार्थ उत्खनन्, प्रदूषण, मान्छेले माछा मारेर खानेलगायतका कारण गोहीहरू प्राकृतिक बासस्थानमा असुरक्षित बनिरहेको थापामगरले बताए । नदीहरूमा बाढी आउँदा गोहीहरू बगेर सीमापारि पुग्ने समस्या रहेको छ । हरेक वर्ष नदीहरूमा गोही छाड्ने गरेको भए पनि अपेक्षाकृतरूपमा संख्या भने वढेको छैन ।

# कोशीमा दुई दशकमा हात्तीको आक्रमणबाट ९७ जनाको मृत्यु



**झापा–** कोशी प्रदेशमा दुई दशकमा हात्तीको आक्रमणबाट ९७ जनाको मृत्यु भएको छ । उक्त अवधिमा ४१ वटा हात्ती मरेका प्रदेश वन निर्देशनालय धरानले जनाएको छ ।

निर्देशनालयका प्रमुख डा. इन्द्रप्रसाद सापकोटाका अनुसार आर्थिक वर्ष २०६२/६३ देखि चालु आर्थिक वर्षको हालसम्ममा झापा, मोरङ, सुनसरी, उदयपुर र इलाममा हात्ती आक्रमणबाट उक्त मानवीय क्षति भएको हो । सोही अवधिमा ८७ जना गम्भीर र १५ जना सामान्य घाइते भएका उनले जानकारी दिए ।

उनले प्रदेशका पाँच जिल्लामध्ये हात्तीको आक्रमणमा ज्यान गुमाउनेमा सबैभन्दा बढी झापामा रहेका बताए । छिमेकी मुलुक भारतबाट आउने हात्तीको प्रवेश विन्दु झापा भएकाले पनि बढी जनधनको क्षति हुने गरेको उनले उल्लेख गरे । उनका अनुसार झापामा ७२, मोरङमा १७, सुनसरीमा सात र इलामका एक जनाको हात्तीको आक्रमणबाट मृत्यु भएको छ ।

प्रमुख डा. सापकोटाले सोही अवधिमा झापामा २५, मोरङमा नौ, सुनसरीमा छ र उदयपुरमा एउटा हात्ती मरेका जानकारी दिए । 'सरकारको ठूलो धनराशि वन्यजन्तु संरक्षण, मानवीय क्षतिपूर्ति तथा राहत, कृषिबालीको क्षतिपूर्तिलगायतमा खर्च भइरहेको छ,' उनले भने, 'स्थानीयले पनि वन्यजन्तुसँगको द्वन्द्वमा सतर्कता अपनाउनु जरुरी छ ।' उनले सरकार जति नै स्थानीय पनि गम्भीर हुने हो भने मानव-हात्ती द्वन्द्व न्यूनीकरण हुने विश्वास व्यक्त गरे ।

हात्ती आक्रमणबाट ज्यान गुमाउनेलाई संघीय सरकारले १० लाख रूपैयाँ क्षतिपूर्तिस्वरूप प्रदान गर्दै आएको छ । घाइतेलाई उपचारका लागि २५ हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म उपलब्ध गराउँदै आइएको निर्देशनालयका प्रमुख डा. सापकोटाले जानकारी दिए । उनले प्रदेश सरकारले मानव-हात्ती द्वन्द्व न्यूनीकरणका लागि चालु आर्थिक वर्षमा हात्ती प्रभावित क्षेत्रमा बाली बिमा कार्यक्रमका लागि ५० लाख रूपैयाँ बजेट विनियोजन गरेको बताए । 'डिभिजन वन कार्यालयमार्फत स्थानीय सरकारसँग समन्वय गरी बजेट विनियोजन गरेको हो,' डा. सापकोटाले भने, 'कार्यक्रमको प्रभावकारिता र सम्भावना कस्तो रहन्छ त्यो हेरेर आगामी दिनमा संघीय सरकारसँग यसको दिगोपना एवं कानुनी प्रावधानका सन्दर्भमा सहजीकरणका लागि अनुरोध गर्नेछौं ।' *रासस*


## साउदीमा रोजगार — कम्पनी : NAMA LAB CAFÉ for Beverages

पूर्व स्वीकृति मिति : २०८२/04/१४ | LT. No. 328155 | चलानी नं. ६०२४२०५२

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 2 | 0 | 1000 | ३७,२९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन २३ गते (8th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pigeon International Overseas Pvt. Ltd**
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम ईजाजत नं. ३८४/०५९/०६०



## साउदीमा रोजगार — कम्पनी : OVERLAK TRADING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/04/१४ | LT. No. 328160 | चलानी नं. ६०२४२०८५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 3 | 0 | 1200 | ४४,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन २३ गते (8th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 628/063/64
**REAL RESOURCE MANAGEMENT PVT. LTD.**
Basundhara -3 (Near Liberty School), Kathmandu, Nepal, Tel: 01-01-5901005/ 015924417
E-mail : realresourcea111@gmail.com



## मलेसियामा रोजगार — कम्पनी : GUNMA GUARDFORCE DS SENDIRIAN BERHAD

पूर्व स्वीकृति मिति : २०८२/०१/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/04/१५ | LT. No. 322863 | चलानी नं. ६०२३६९४४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security | 14 | 0 | 1700 | ५६,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन २३ गते (8th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1284/074/75
**S.N. Recruiting Service Pvt Ltd**
Nagarjun-2, Kathmandu, Nepal Tel: 014890823, 9803334884, E-mail : snrecruitingnepal@gmail.com



## युएइमा रोजगार — कम्पनी : EMDADAT ALATTA TECHNICAL SERVICES CO.L.L.C S.O.C

पूर्व स्वीकृति मिति : २०८२/०३/२२ | LT. No. 328132 | चलानी नं. ६०२४२०५७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 10 | 0 | 1100 | ४१,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : DIAMOND YARD FLOOR & WALL TILING WORKS L.L.C

पूर्व स्वीकृति मिति : २०८२/04/१४ | LT. No. 328131 | चलानी नं. ६०२४२०५६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 40 | 0 | 1100 | ४१,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन २३ गते (8th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**NEW ALFA HR SERVICES PVT. LTD.**
Maharajgunj-3, Kathmandu, Nepal, Contact: 01-4721183, 9841531176, E-mail : newalfahrs@gmail.com, Web: www.newalfahrs.com
Govt. License No. 1090/073/74



## युएइमा रोजगार — कम्पनी : DURO ELITE CLEANING SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८२/04/१५ | LT. No. 328095 | चलानी नं. ६०२४२०६८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 22 | 0 | 900 | ३४,२८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 6 | 0 | 900 | ३४,२८२ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन २३ गते (8th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३०७/०५९/६०
**BHAIRAB INTERNATIONAL SERVICE PVT. LTD.**
Sinamangal-9, Kathmandu, Nepal. Tel: + 977-1-4110906
Email: service.bhairabintl@gmail.com



## कुवेतमा रोजगार — कम्पनी : EMY SNACKS RESTAURANT CO

पूर्व स्वीकृति मिति : २०८१/१०/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/04/१५ | LT. No. 317738 | चलानी नं. ६०२३१९९०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef | 2 | 0 | 150 | ६८,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Barista | 2 | 0 | 120 | ५४,८८५ | | | | | | | |

कम्पनी : SOFT SALON COMPANY FOR LADIES BEAUTY

पूर्व स्वीकृति मिति : २०८१/१०/२० | पुन विज्ञापन स्वीकृति मिति : २०८२/04/१५ | LT. No. 318023 | चलानी नं. ६०२३२३१५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MANICURE/PEDICURE | 0 | 5 | 150 | ६८,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | HAIRDRESSER (FEMALE) | 0 | 5 | 150 | ६८,६०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन २३ गते (8th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1613/079/080
**EXPRESS RECRUITER NEPAL PVT. LTD**
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com



## MAURITIUS मा रोजगार — कम्पनी : TOP TURF LIMITED

पूर्व स्वीकृति मिति : २०८१/०७/08 | पुन विज्ञापन स्वीकृति मिति : २०८२/04/१५ | LT. No. 312315 | चलानी नं. ६०२२६८५१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | MUR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FIELD CROPS FARMER GENERAL | 32 | 0 | 16500 | ४९,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : LONDON MON CHOISY SUPERMARKET LTD

पूर्व स्वीकृति मिति : २०८१/०२/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/04/१५ | LT. No. 304755 | चलानी नं. ६०२१९६३८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | MUR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | PACKING MACHINE OPERATORS | 2 | 0 | 16500 | ४९,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | BAKERY OPERATOR | 2 | 0 | 16500 | ४९,४६० | | | | | | | |
| 3 | PASTRY MAKER | 3 | 0 | 16500 | ४९,४६० | | | | | | | |

कम्पनी : MOPIROVE LIMITED

पूर्व स्वीकृति मिति : २०८१/0८/08 | पुन विज्ञापन स्वीकृति मिति : २०८२/04/१५ | LT. No. 313850 | चलानी नं. ६०२२८२६९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | MUR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CARPENTER | 2 | 0 | 16500 | ४९,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | SUPERVISOR | 10 | 0 | 16500 | ४९,४६० | | | | | | | |
| 3 | MACHINE OPERATOR | 33 | 0 | 16500 | ४९,४६० | | | | | | | |
| 4 | MASON (NEPAL) | 3 | 0 | 16500 | ४९,४६० | | | | | | | |
| 5 | LABORATORY TECHNICIAN | 3 | 0 | 16500 | ४९,४६० | | | | | | | |
| 6 | FORKLIF DRIVERS | 3 | 0 | 16500 | ४९,४६० | | | | | | | |
| 7 | STORE KEEPERS | 3 | 0 | 16500 | ४९,४६० | | | | | | | |
| 8 | BOILER OPERATOR | 2 | 0 | 16500 | ४९,४६० | | | | | | | |
| 9 | LATTE MACHINE OPERAOTRS | 5 | 0 | 16500 | ४९,४६० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः सुनसरी मल्टिपल ट्रेनिङ सेन्टर, इटहरी-६, सुनसरी मा मितिः २०८२ साउन २८ र २९ गते (13/14 Aug. 2025) मा हुनेछ ।
युनिभर्सल टेक्निकल इन्स्टिट्युट एण्ड ओरियन्टेशन सेन्टर, कपन मार्ग वडा न.३, काठमाडौंमा मितिः २०८२ साउन २७ र ३० गते (12/15 Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GRACE OVERSEAS PVT. LTD.**
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853, Mobile: 9851086232, 985-2071785
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np
Govt. License 852/066/067

रूपशाला

### 'झरीपछिको इन्द्रेणी'को छायांकन शुभारम्भ

टेलिभिजन कार्यक्रम 'भद्रगोल' र 'सक्किगोनि' निर्देशन गरेका अर्जुन घिमिरे (पाँडे) को निर्देशनमा 'झरीपछिको इन्द्रेणी' नामक चलचित्र बन्नेभएको छ । खीर खाने दिनको अवसर पारेर ललितपुरको धन्तेरी बाराही मन्दिरमा उक्त चलचित्रको छायांकन सुरू गरिएको छ । चलचित्रका निर्देशक एवं हास्यकलाकार घिमिरेले आम मानिसको भोगाइलाई चलचित्रमा देखाइने बताए । उनले भने, 'एउटा घरपरिवारमा भइरहने घटनाक्रमलाई समेटेर चलचित्र तयार गर्दैछौँ । आफ्ना अग्रज एवं समकक्षीसँग मिलेर पहिलो चलचित्र बनाउँदै छु, हामीले देखिरहेका र सुनिरहेका तर नसोचिएको विषयलाई समेटेर चलचित्र निर्माण हुनेछ ।'



# खरेल निर्देशित चलचित्र 'चिट्ठी'को 'सिन्दुरको रंग' सार्वजनिक



■ प्रभाव संवाददाता

**काठमाडौं–** भदौ २० गते (सेप्टेम्बर ५, २०२५) देखि देशव्यापी प्रदर्शनमा आउन लागेको नेपाली चलचित्र 'चिट्ठी' को दोस्रो गीत 'सिन्दुरको रंग' एक समारोहका बिच सार्वजनिक गरिएको छ । राजधानीमा आयोजित कार्यक्रममा सञ्चारकर्मी, कलाकारहरूको उपस्थितिमा उक्त गीतको सार्वजानिक गरिएको थियो ।

एरा प्रोडक्सनको ब्यानरमा निर्माण गरिएको यो चलचित्रलाई निर्देशक माधव राज खरेलले निर्देशन गरेका हुन् । कुवेर डिस्टिब्युटर्स प्रा.लि.ले वितरण गर्ने चलचित्र 'चिट्ठी' हरर र कमेडी जनरामा निर्माण गरिएको निर्माण पक्षले बताएको छ । सार्वजनिक गरिएको गीत 'सिन्दुरको रंग' चलचित्रको भावनात्मक मेरुदण्ड हो, जसमा विवाह, विश्वास, समर्पण र महिलाको मौन संघर्ष तथा आफ्ना पति प्रतिको आस्था र विश्वासलाई विम्बित गर्न खोजिएको छ ।

उक्त गीतमा सञ्चारकर्मी कमला जोशीको शब्द, सरोज कोइरालाकोसंगीत र गायिका बेनिषा पौडेलको स्वर रहेको छ । निर्देशक खरेलका अनुसार, 'सिन्दुरको रंग' केवल गीत नभई महिलाको अन्तरआत्माको आवाज हो, जसले दर्शकको हृदय छुनेछ । गीतको भिडियोमा चलचित्रका अभिनेता संजीत भण्डारी र कञ्चन चालिसेले अभिनय गरेका छन् भने गायिका पौडेल स्वयंम् पनि उक्त गीतमा गायिकाकै रूपमा देखिएकी छिन् ।

चलचित्रको युट्युब पत्रकार, भूमाफिया, मानसिक रोगी र अदृश्आत्माबीचको अन्तरद्धन्द्धमा आधारित रहेको बताइएको छ । सामाजिक यथार्थता, निकायगत विकृति, मानविय प्रवृत्ति र पारिवारिक भावना समेटिएको चलचित्र 'चि√ी' समसामयिक सन्देशसहित दर्शकमाझ फरक स्वाद ल्याउने उद्देश्यका साथ निर्माण गरिएको हो ।

चलचित्रमा अर्गानिक कमेडियन रूपमा चर्चा कमाएका खड्ग बहादुर पुन 'खबपु', संजीत भण्डारी, गोपाल ढकाल 'छन्दे', नबराज थापा, प्रबण भुषाल, मुस्कान लामा, कञ्चन चालिसे, मोहन निरौला, शान्तिप्रिय, श्रीदेव भट्टराई, नम्रता खरेल, राजन थापा, रश्मी भट्ट, मुना निरौला, कविन्द्र त्रिपाठी, पुरुषोत्तम सानु, सोमा खत्री, प्रल्हाद खरेल, डेभिल सिंह राजपुत, समिर लामा, राजु कार्की र रज्जु गुरुङलगायत कलाकारहरूको अभिनय रहेको छ ।

चलचित्रकी निर्माता सञ्चारकर्मी कमला जोशी हुन् । चलचित्रको छायांकन जीवन पराजुली र राजन खरेलले गरेका हुन् भने सम्पादन राजेश कुमारले गरेका छन् । भीएफएक्स समिर मियाँले गरेका छन् । ध्वनि सम्पादन मनोज परियारले र ५.१ ध्वनी सम्पादन अमित श्रेष्ठले गरेका हुन् । चलचित्रमा रहेको अर्को गीत 'टुटेको तारा' मा डा. कृष्णहरि बरालको शब्द, शिव परियार र सरोज कोइरालाको संगीत रहेको थियो भने शिवताण्डवमा बसन्त अर्यालको स्वर समावेश गरिएको छ । शिवताण्डव गीतको संगीत संयोजन राजेन्द्र बजगाईंले गरेका हुन् भने चलचित्रको द्वन्द्व निर्देशन किरण दाहालको रहेको छ । पृष्ठभूमि संगीत पुष्कर खत्रीले तयार गरेका छन् ।

सञ्चारकर्मीहरूसँगको भेटघाटमामा चलचित्रसँग आवद्ध कलाकार, निर्माता, संगीतकर्मी लगायतले गीत र चलचित्रको सन्दर्भमा धारणा व्यक्त गरेका थिए । चलचित्र 'चि√ी' यही भदौ २० गते (सेप्टेम्बर ५, २०२५) बाट देशभर प्रदर्शनमा आउँदैछ ।

# एउटै मञ्चबाट १४ तीज गीत सार्वजनिक



■ प्रभाव संवाददाता

**काठमाडौं –** एकै स्टेजबाट १४ वटा मौलिक तीज गीत सार्वजनिक भएको छ । राष्ट्रिय लोक सञ्चारकर्मी नेपालको आयोजनामा राष्ट्रिय नाचघर जमलमा बिहीबार आयोजित कार्यक्रममा सामूहिक तीज गीत विमोचन गरिएको हो ।

कार्यक्रममा राष्ट्रिय लोक सञ्चारकर्मी नेपालका अध्यक्ष चन्द्रमणी गौतम, संस्थापक अध्यक्ष गोविन्द गिरी, सांसद सोविता गौतम, गायक राजु परियार, घमेश दुलाल, बद्री पङ्गेनी, प्रकाश कटुवाल, गायिका लक्ष्मी न्यौपाने, सर्मिला गुरुङ, सीता थापा, टिका पुन, मन्जु थापा लगायतले गीत सामूहिक विमोचन गरे ।

विमोचन हुने गीतहरूमा भगवान भण्डारीको 'धनमाया मनमाया', विशाल महरको 'तीज मनाउँछौं', भिमसेन खतिवडाको 'यो तीजमा भाइरल हुनी हो', भिमकुमार ओझाको 'नौगेडी', कस्तुप पन्तको 'पापी तीज भाग - २, सचिन भट्टराईको 'जय जय शिव भोला', खुम्बु सुनारको - ए आमा', यामप्रसाद निउरेको चोली फाटेको', गोविन्द पौडेलको माछा मासु केहि खाँदिन, मुना सुवेदी तिवारीको मेरो त देशै माइती भयो, माया पार्दे को चाहिँदैन रानी हार, मदन ढकालको माइतीको दैलो, विजय अनुरागी ए मैया, सन्जु न्यौपानेको निलो आकाशैमा बादलु रहेका छन् ।

कार्यक्रममा सांसद गौतमले गीत सङ्गीतमा विकृति, विसङ्गति बढ्नु चिन्ता जनक विषय भएको भन्दै नेपालको मौलिकता देखाउने काम नै गीत सङ्गीतले गर्ने भएकाले सम्पूर्ण सर्जकलाई मौलिकतामा ध्यान दिन आग्रह गरिन् ।

## रंगशाला

# अब खेल सिक्न मैदानको कमी हुन्न : प्रधानमन्त्री

■ प्रभाव संवाददाता

**काठमाडौं –** प्रधानमन्त्री केपी शर्मा ओलीले अब खेल सिक्नका लागि मैदानको कमी नहुने बताएका छन् ।

राजधानीमा बिहीवार भएको एक कार्यक्रममा प्रधानमन्त्री ओलीले उच्चस्तरका रंगशाला बन्दै गरेको र भएका रंगशालाको पनि स्तरोन्नति भइरहेकाले अब खेलाडीलाई सिक्नका लागि मैदानको कमी नहुने बताएका हुन् ।

खेलकुद क्षेत्रका पूर्वाधारमा सरकारले काम गरिरहेको र महिला फुटबलरका लागि अभ्यास गर्ने ठाउँको




निर्माण पनि भइरहेको उनले बताए ।

उनले भक्तपुरको सूर्यविनायक नगरपालिकामा ५० हजार क्षमताको रंगशाला बनाउने पनि दोहो्याएका छन् । दशरथ रंगशालाको क्षमता १५ हजार रहेको र नेपाली फुटबलप्रेमीहरूका लागि अब साँघुरो हुँदै गएकाले ठूलो नयाँ रंगशाला निर्माण कार्यमा सरकार जुटेको उनले जानकारी दिए ।

दशरथ रंगशालालाई स्तरोन्नति गर्ने पनि प्रधानमन्त्रीको भनाइ छ । कीर्तिपुरमा क्रिकेट मैदानको स्तरोन्नति कार्य सम्पन्न हुने चरणमा रहेको पनि उनले बताए ।

# विश्वकप क्रिकेटको ग्लोबल छनोट नेपालले आयोजना गर्ने



■ प्रभाव संवाददाता

**काठमाडौं –** महिला टी-२० विश्वकप क्रिकेटको ग्लोबल छनोट प्रतियोगिता नेपालले आयोजना गर्ने भएको छ ।

नेपालको काठमाडौंस्थित माथिल्लो र तल्लो मुलपानी क्रिकेट मैदानमा सञ्चालन हुने उक्त प्रतियोगितामा विभिन्न १० टोलीको सहभागिता रहने छ । जसलाई दुई समूहमा विभाजन गरेर खेल खेलाइने छ ।

उक्त प्रतियोगिताको खेल तालिका भने छिट्टै सार्वजनिक गर्ने अन्तरराष्ट्रिय क्रिकेट परिषद् (आइसीसी) ले जनाएको छ ।

आगामी सन् २०२६ मा हुने उक्त प्रतियोगिताको छनोट खेल आगामी जनवरी १२ देखि फेब्रुअरी २ तारिखसम्म हुनेछ । प्रतियोगितामा सहभागी १० टोलीबाट शीर्ष चार स्थान हासिल गर्नेले इङ्ल्याण्ड र वेल्समा हुने विश्वकपमा स्थान बनाउनेछन् ।

यो नेपालले आयोजना गर्ने हालसम्मकै सबैभन्दा ठूलो प्रतियोगिता हो । प्रतियोगिताको एसिया क्षेत्रबाट थाइल्याण्ड र नेपाल छनोट भइसकेका छन् । नेपालले पहिलोपटक एसिया छनोट पार गरेर ग्लोबल छनोटमा स्थान बनाएको हो ।

प्रतियोगितामा आयरल्यान्ड र बंगलादेश सन् २०२४ को महिला टी-२० विश्वकपमा सहभागिता जनाएका आधारमा स्वतः छनोट भएका हुन । त्यस्तै अमेरिकी क्षेत्रबाट संयुक्त राज्य अमेरिका छनोट भएको छ । बाँकी पाँच स्थानका लागि अफ्रिका र युरोपबाट दुई-दुई टोली तथा ईस्ट एसिया-प्यासिफिक क्षेत्रबाट एक टोली छनोट हुनेछन् । जसका लागि क्षेत्रीय छनोट प्रतियोगिताहरू सम्पन्न हुन बाँकी नै छ ।

## एएफसी यू-२० महिला एसियन कप

# भुटान पुग्यो नेपाली टोली

**काठमाडौं (प्रस)–** एएफसी यु-२० महिला एसियन कप छनोटमा सहभागिता जनाउने नेपाली टोली भुटान पुगेको छ । टोली बिहीबार बिहान रोयल भुटान एयरलाइन्सको फ्लाइटमार्फत भुटान पुगेको हो ।

टोलीको कप्तानी जिम्मेवारीमा विर्सना चौधरी छन् । यसैगरी मुख्य प्रशिक्षक गुरुङले साफ च्याम्पियनसिप खेलेको टोलीबाट एक खेलाडी परिवर्तन गरेका छन् । लेफ्ट ब्याक झुमा विश्वकर्मालाई बाहिर राख्दै गुरुङले सजिना स्याङताङलाई रक्षापङ्क्तिमा मौका दिएका छन् ।

छनोट प्रतियोगिताको समूह 'ए' मा रहेको नेपालले घरेलु टोली भुटान, उत्तर कोरिया र साउदी अरबियासँग खेल्ने तालिका छ । सिंगल राउन्ड रोविन पद्धत्तिको प्रतिस्पर्धापछि समूहको शीर्ष स्थानमा रहने टोली अर्को वर्ष थाइल्यान्डमा हुने एएफसी यु-२० एसियन कपमा छनोट हुनेछ ।

त्यस्तै समूहका तीन उत्कृष्ट उपविजेता टोलीले पनि थाइल्यान्डको टिकट काट्ने छन् ।

नेपालले अगस्ट ६ मा भुटानसँग खेल्दै प्रतियोगिताको सुरुआत गर्नेछ । यसैगरी नेपालले अगस्ट ८ मा साउदी अरेविया र १० मा उत्तर कोरियाको सामना गर्नेछ ।


# बार्सिलोनाको सानदार जित

**काठमाडौं (प्रस)–** स्पेनको बार्सिलोनाले प्रि सिजन मैत्रीपूर्ण खेलमा दक्षिण कोरियन क्लब एफसी सिओलविरुद्ध ७-३ को सानदार जित दर्ता गरेको छ । सिओल वर्ल्डकप रंगशालामा पाहुना टोली बार्सिलोनालाई जित दिलाउन लामिन यामल र फेरान टोरेसले समान दुई तथा रोबर्ट लेवान्डोवस्की, एन्ड्रियास क्रिस्टेनसन र गाभीले समान एक गोल गरे । सिओलका लागि चो योङ वुक, याजन अल अरब र जङ हान मिनले गोल गरे ।

खेलको आठौं मिनेटमा लेवान्डोवस्कीको गोलमार्फत बार्सिलोनाले अग्रता लिएको थियो । ६ मिनेटपछि नै यामलले टोलीको अग्रता दोब्बर बनाए । वुकले २६औं मिनेटमा गोल गर्दा खेल २-१ को स्थितीमा आयो । पहिलो हाफको इन्जुरी समयमा अरबले गोल गर्दै सिओललाई २-२ को बराबरीमा ल्याए ।

इन्जुरी समयमै यामलले व्यक्तिगत दोस्रो गोल गर्दा बार्सिलोना ३-२ ले अगाडि बढ्यो । ५५औं मिनेटमा क्रिस्टेनसनले टोलीका लागि चौथो गोल गरे । टोरेसले ७४औं मिनेटमा गोल गर्दा बार्सिलोना ५-२ ले अगाडि बढ्यो । दुई मिनेटपछि नै गाभीले गोल गरेपछि बार्सिलोनाको अग्रता ६-१ मा पुग्यो ।

मिनले ८५औं मिनेटमा गोल गर्दा खेल ६-३ को स्थितीमा आयो । निर्धारित समय सकिन दुई मिनेट बाँकी रहँदा टोरेसले व्यक्तिगत दोस्रो तथा टोलीका लागि सातौं गोल गरे ।



पूर्वी चीनको शानडोङ प्रान्तस्थित ताइआनमा रहेको माउन्ट ताईको भ्रमणमा पुगेका पर्यटकहरूको भीड ।

*तस्बिर: सिन्ह्वा*

# भारतलाई २५ प्रतिशत कर लगाउने ट्रम्पको घोषणा

## नयाँदिल्लीले रुसी हतियार र ऊर्जा खरिद गर्दा अनिर्दिष्ट 'जरिवाना' लगाइने

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बुधबार भारतबाट हुने आयातमा २५ प्रतिशत कर लगाउने घोषणा गरेका छन् । साथै, उनले नयाँदिल्लीले रुसी हतियार र ऊर्जा खरिद गर्दा अनिर्दिष्ट 'जरिवाना' लगाउने पनि घोषणा गरेका छन् ।

ट्रम्पले आफ्नो ट्रुथ सोसल प्लेटफर्ममा यी उपायहरू शुक्रबार (आज)देखि लागू हुने बताए । साथै सोही दिन अन्य भन्सार वृद्धिहरू (जसमा केही ५० प्रतिशतसम्म हुनेछन्) पनि लागु हुने छन् । छुट्टै पोस्टमा ट्रम्पले अगस्ट १ को समयसीमा 'बलियो छ र विस्तार गरिने छैन' भनेका छन् ।

उनले यसअघि अप्रिलको सुरुमा पहिलोपटक घोषणा गरेदेखि आफ्ना तथाकथित 'पारस्परिक' भन्सारहरूमा धेरै ढिलाइ गरेका थिए र १० प्रतिशत अन्तरिम आधारभूत दर लगाएका थिए । भारतमा २५ प्रतिशत कर अप्रिलमा घोषणा गरिएको दरभन्दा थोरै कम हुने छ, तर वासिङ्टनसँग प्रारम्भिक व्यापार सम्झौता गरेका अन्य एसियाली देशहरूको तुलनामा यो बढी छ ।

विश्वको सबैभन्दा बढी जनसंख्या भएको देश भारत ट्रम्प प्रशासनलाई व्यापक व्यापार वार्तामा संलग्न गर्ने पहिलो प्रमुख अर्थतन्त्रहरूमध्ये एक थियो । तर छ महिनापछि ट्रम्पका व्यापक मागहरू र भारतको कृषि र अन्य क्षेत्रहरू पूर्णरूपमा खोल्न अनिच्छुकताले अहिलेसम्म नयाँदिल्लीलाई सम्झौता पूरा गर्नबाट रोकेको छ ।

'याद गर्नुहोस्, भारत हाम्रो मित्र भए पनि हामीले वर्षौंदेखि उनीहरूसँग तुलनात्मक रूपमा थोरै व्यापार गरेका छौं किनभने उनीहरूको भन्सारहरू धेरै उच्च छन्, संसारमा सबैभन्दा उच्चमध्ये र तिनीहरूसँग कुनै पनि देशको सबैभन्दा कडा र अप्रिय गैरमौद्रिक व्यापार अवरोधहरू छन्,' ट्रम्पले बुधबार भने, 'भारतले सधैं आफ्नो सैन्य उपकरणको विशाल हिस्सा रुसबाट किनेको छ, र चीनसँगै रुसको ऊर्जाको सबैभन्दा ठूलो खरिदकर्ता हो, यस्तो समयमा जतिबेला सबैले रुसलाई युक्रेनमा हत्या रोक्न चाहन्छन् ।'




ट्रम्पले आफ्नो ट्रुथ सोसल प्लेटफर्ममा यी उपायहरु शुक्रबार (आज)देखि लागू हुने बताए । साथै सोही दिन अन्य भन्सार वृद्धिहरु (जसमा केही ५० प्रतिशतसम्म हुनेछन्) पनि लागु हुने छन् । छुट्टै पोस्टमा ट्रम्पले अगस्ट १ को समयसीमा 'बलियो छ र विस्तार गरिने छैन' भनेका छन् ।

कुनै विवरणविना ट्रम्पले २५ प्रतिशत भन्सारका अतिरिक्त भारतले 'माथिका लागि जरिवाना' को सामना गर्ने बताए । पछि बुधबार उनले पत्रकारहरूलाई भन्सारमा वार्ता जारी रहेको र 'हामी के हुन्छ हेर्ने छौं' भने तर जरिवानाको बारेमा विस्तृत जानकारी दिएनन् । यो उपाय ७९ वर्षीय रिपब्लिकन ट्रम्पले युक्रेनमा लडाइँ रोक्न र शान्ति सम्झौता वार्तालाप गर्न मस्कोमाथि अमेरिकी दबाब बढाउने संकेत गरेको समयमा आएको हो ।

मंगलबार ट्रम्पले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई युक्रेनमा मार्ग परिवर्तन गर्न वा नयाँ भन्सार शुल्कको सामना गर्न १० दिनको समय दिएको बताए । उनले पहिले नै व्यापक पश्चिमी प्रतिबन्धहरूबाट बच्नका लागि मस्कोको क्षमतामा बाधा पुऱ्याउन खोज्ने चीन र भारतजस्ता रुसका बाँकी व्यापारिक साझेदारहरूलाई लक्षित गर्ने 'द्वितीयक भन्सार शुल्क' लगाउने धम्की दिएका थिए ।

भन्सार धम्कीका बावजुद, नयाँदिल्लीले 'निष्पक्ष, सन्तुलित र पारस्परिकरूपमा लाभकारी द्विपक्षीय व्यापारिक सम्झौता' मा वार्ता जारी राख्न प्रतिबद्ध रहेको बताएको छ ।

### चीन व्यापार वार्ता

नयाँदिल्लीमाथि कर लगाउने घोषणा गरेको केही समयपछि, ट्रम्पले भारतको कट्टर प्रतिद्वन्द्वी पाकिस्तानसँग संयुक्तरूपमा आफ्नो तेल भण्डार विकास गर्न सम्झौता गरेको बताए । 'कसलाई थाहा, सायद उनीहरूले कुनै दिन भारतलाई तेल बेच्ने छन् !,' उनले ट्रुथ सोसलमा पोस्ट गरे ।

ट्रम्पले अमेरिकी आर्थिक शक्तिको फाइदा उठाएर व्यापारिक साझेदारहरूलाई करको साथ दबाउन र विदेशी कम्पनीहरूलाई संयुक्त राज्य अमेरिकामा सर्न बाध्य पार्ने प्रयास गरेर विश्वव्यापी अर्थतन्त्रलाई बढावा दिन खोजेका छन् । उनले यसअघि नै बेलायत, भियतनाम, जापान, इन्डोनेसिया र फिलिपिन्स गरी पाँच देश र २७ सदस्यीय युरोपेली संघ (इयू) सँगको सम्झौताको रूपरेखा घोषणा गरिसकेका छन् । अमेरिकी र चिनियाँ अधिकारीहरूले यस हप्ता स्टकहोममा व्यापारिक युद्धविराम विस्तार गर्नेबारे वार्ता गरेका छन् । वार्ताले अस्थायीरूपमा तीन अंकको उचाइबाट भन्सार घटाएको छ । बैठकमा कुनै सम्झौता घोषणा नभए पनि दुवै पक्षले अगस्ट १२ को समयसीमा अघि विस्तार गर्न खोजिरहेका छन् ।

यसैबीच ट्रम्पले आंशिकरूपमा दक्षिण अमेरिकी सहयोगीलाई कट्टर दक्षिणपन्थी पूर्वराष्ट्रपति जाइर बोल्सोनारोको विद्रोहको आरोपमा मुद्दा बन्द गर्न दबाब दिन ब्राजिलमा ५० प्रतिशत भन्सार घोषणा गरे । उनले स्टिल, तामा र अटोमोबाइलसहित विशिष्ट क्षेत्रहरूलाई लक्षित गर्दै छुट्टै भन्सार शुल्कहरू पनि लगाएका छन् । अमेरिकी अदालतमा चुनौती दिइएका आपत्कालीन अधिकारीहरूलाई उद्धृत गर्दै ट्रम्पले आफ्ना धेरै व्यापक भन्सार शुल्कहरू लगाएका छन् । *रासस/एएफपी*

# अस्ट्रेलियाको बालमैत्री नीतिः युट्युब प्रयोगमा नयाँ सीमा लागू हुँदै

**क्यानबेरा–** अस्ट्रेलियाले १६ वर्षमुनिका बालबालिकाहरूको सुरक्षा र भलाइका लागि सामाजिक सञ्जालमा युटचुबलाई पनि प्रतिबन्ध लगाउने निर्णय गरेको छ । प्रधानमन्त्री एन्टोनी अल्बानेज र सञ्चार मन्त्री अनिका वेल्सले बुधबार क्यानबेरामा आयोजित पत्रकार सम्मेलनमा यसबारे जानकारी दिएका छन् ।

यस प्रतिबन्धले आगामी डिसेम्बर १० देखि प्रभाव पार्ने छ । पहिला युटचुबलाई यसको शैक्षिक र स्वास्थ्यसम्बन्धी सामग्रीका कारण केही समयका लागि छुट दिइएको थियो । तथापि, इसेफ्टी कमिसनर जुली इनम्यान ग्रान्टले युटचुबले बालबालिकामा हानिकारक सामग्रीको पहुँच पुऱ्याउने जोखिम रहेको भन्दै सरकारलाई यसलाई प्रतिबन्धमा समावेश गर्न सिफारिस गरेका थिए । प्रधानमन्त्री अल्बानेजले भने, 'हामी सामाजिक सञ्जालका ती प्लेटफर्महरूलाई उचित नियन्त्रणमा राख्न इच्छुक छौं, जसले बालबालिकामा नकारात्मक प्रभाव पार्न सक्छन् । यो मात्र पहिलो कदम हो, तर यसले निश्चित रूपले सकारात्मक प्रभाव पार्ने छ ।'

सञ्चारमन्त्री वेल्सले थपे, 'यो निर्णय अभिभावकहरूको भलाइलाई प्राथमिकतामा राखेर गरिएको हो र हामी प्रविधि कम्पनीहरूबाट आउने कानुनी दबाबबाट प्रभावित हुने छैनौं ।'

युटचुबका प्रतिनिधिले गुगलमार्फत यो निर्णयप्रति आफ्नो चिन्ता व्यक्त गर्दै आगामी कदमहरूबारे विचार गरिरहेको जानकारी दिएका छन् । सरकारले उमेर प्रमाणीकरण प्रविधिको परीक्षणको परिणामको पर्खाइमा छ र त्यसपछि प्रतिबन्ध कसरी कार्यान्वयन गर्ने स्पष्ट पार्ने छ । यस विषयमा थप जानकारी पाउँदा खुसी हुने बताइएको छ । बालबालिका र अभिभावकहरूको सुरक्षामा सबैको सहयोग महत्त्वपूर्ण छ । *रासस/सिन्ह्वा*

# युरोपमा डिजिटल सुरक्षाको नयाँ युग सुरू हुँदै

**ब्रसेल्स–** युरोपेली संघ (इयू) ले गैरइयू देशका नागरिकहरूको सीमाना जाँचका लागि 'नयाँ प्रवेश र निस्कने प्रणाली' (इन्ट्री/एक्जिट प्रणाली) यही अक्टोबर १२ गतेदेखि लागू गर्ने घोषणा गरेको छ । यो प्रणाली लागू भएपछि यात्रुहरूका पासपोर्टमा छाप (स्टचाम्प) लगाइने पुरानो तरिका हटाइने छ ।

यस नयाँ विधिबाट युरोप आउन र फर्कन चाहने व्यक्तिको विवरण (आउँदाको मिति, फर्किने मिति, सीमा नाघ्ने प्रयास वा तोकिएको समयभन्दा बढी बस्ने अवस्था) सबै कम्प्युटर प्रणालीमा सुरक्षित गरिने छ । सीमा पार गर्दा यात्रुको अनुहारको फोटो र औंलाको छाप पनि लिइने छ । यसले यात्रुको वास्तविकता पुष्टि गर्न सहयोग गर्ने छ । युरोपेली आयोगका आप्रवासन आयुक्त म्याग्नस ब्रुनरले भने, 'यस प्रणालीले हाम्रो सुरक्षा बलियो बनाउने छ । यसले अवैधरूपमा लुकिछिपी बस्नेहरू पहिचान गर्न, नक्कली कागजात प्रयोग रोक्न र सीमामा हुने अनियमित गतिविधि घटाउन मद्दत पुऱ्याउने छ ।'

यो प्रणाली सन् २०१७ मै तयारी गरिएको भए पनि केही देशहरू समयमै तयार नभएकाले कार्यान्वयन ढिला भएको थियो । अहिले भने सबै देश तयार भएकाले यसलाई चरणबद्ध रूपमा लागू गरिने भएको हो । युरोपका २७ सदस्य देशमा यो नयाँ व्यवस्था लागू हुने छ । तर आयरल्याण्ड र साइप्रसमा भने हाललाई प्रयोग गरिने छैन । यस्तै, युरोपेली संघमा नपरेका तर शेंगेन क्षेत्रका सदस्य नर्वे, स्वीट्जरल्याण्ड, आइसल्याण्ड र लिचटेन्स्टाइनले पनि यस प्रणालीलाई प्रयोग गर्ने छन् ।

यात्रुहरूलाई सजग बनाउनका लागि विमानस्थल, जलमार्ग, रेलमार्ग तथा अन्य नाका क्षेत्रमा सूचना दिने अभियानहरू सञ्चालन गरिने छन् । यात्रु, व्यवसाय र कर्मचारीहरूलाई प्रणालीअनुसार ढालिनका लागि छ महिना समय दिइने छ । ब्रिटेनको परराष्ट्र मन्त्रालयले यात्रुहरूलाई सचेत बनाउँदै भनेको छ, 'यो प्रक्रिया सुरु भएपछि प्रत्येक यात्रुबाट केही समय बढी लाग्ने छ । त्यसैले सीमा पार गर्दा केही समय कुर्नुपर्ने हुन सक्छ ।' प्रारम्भमा सबै नाकामा एकैपटक लागू नगरी, पहिलो तीन महिनाभित्र आधा नाकाहरूमा प्रयोग गरिने छ । त्यसपछि छ महिनाभित्र सबै सीमानाकाहरूमा पूर्णरूपमा यो नयाँ प्रक्रिया लागू गरिने योजना छ । *रासस/एएफपी*


## साउदीमा रोजगार

कम्पनी : SAAD MOHAMMED BIN SAAD AL-QAHTANI CONTRACTING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/04/13 | LT. No. 327965 | चलानी नं. ६०२४२०९१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 2 | 0 | 1400 | ५२,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन २३ गते (8th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SYNNET INTERNATIONAL PVT.LTD.
Jagaran Marga, Maharajgunj, Kathmandu, Nepal, Tel: 01- 5445018
E-mail : info@synnetinternational.com, Web: synnetinternational.com
ISO 9001: 2008 Certified Company | Certified No. 70902

## कुवेतमा रोजगार

कम्पनी : ABJ ENGINEERING & CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०१/१९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/04/15 | LT. No. 322722 | चलानी नं.६०२३६७९८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 46 | 0 | 100 | ४५,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Scaffolder | 50 | 0 | 110 | ५०,३१० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन २३ गते (8th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९५४/०६७/६८
VARSHA MANPOWER PVT. LTD.
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

## साउदीमा रोजगार

कम्पनी : JOUD UNITED COMPANY Ltd.

पूर्व स्वीकृति मिति : २०८१/05/12 | LT. No. 328218 | चलानी नं. ६०२४२०९०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Blacksmith (Mason) | 1 | 0 | 1200 | ४४,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 3 | 0 | 1200 | ४४,७५५ | | | | | | | |
| 3 | Cleaners (Male) | 3 | 0 | 1000 | ३७,२९५ | | | | | | | |
| 4 | Construction Labours | 1 | 0 | 1000 | ३७,२९५ | | | | | | | |
| 5 | Heavy Equipment Driver. | 1 | 0 | 2500 | ९३,२४५ | | | | | | | |
| 6 | Heavy Truck Driver | 1 | 0 | 1800 | ६७,१३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन २३ गते (8th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

WORKFORCE SERVICES PVT. LTD.
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np
श्रम ईजाजत नं. १७२/०५६/५७


## कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

**प्रकाशित मिति : २०८२/०४/१६, शुक्रबार**

यस संघबाट उल्लेखित ऋणी संस्थाले उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरू उल्लङ्घन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रूपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता गर्न आउने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र संघलाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज तथा हर्जना समेत बुझाउन हुन सम्बन्धित ऋणी संस्था र संस्थाको संचालक, जग्गाधनी, जमानीकर्ता तथा व्यक्तिगत जमानीकर्ताहरूलाई समेत सूचित गरिन्छ । सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता भुक्तान नगरेमा ऋण लिंदा यस संघलाई लेखाई दिएको धितो लिलाम बिक्री गरी यस संघको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस संघको सम्पूर्ण रकम असुल उपर नभएमा वा कथम् कदाचित धितोबाट असुल उपर हुन नसके वा असुल उपर नभएमा ऋणी संस्थाको सञ्चालकहरूको वा निजहरूको एकाघर सगोल परिवारको नाममा रहेको वा निजहरूको चल अचल सम्पत्ति तथा अन्य जायजेथा सम्पत्तिबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, सहकारी ऐन, नियमावली तथा प्रचलित कानून बमोजिम असुल उपर गरी लिने तथा ऋणी संस्थाका पदाधिकारी एवं जमानीकर्ता र धितो दिने व्यक्ति समेतलाई कालो सूचीमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराईन्छ ।

**तपसिल**

**ऋणी संस्थाको नाम : फण्ड्स बचत तथा ऋण सहकारी संस्था लि.**
**ठेगाना : ल.पु.म.न.पा-५, कुमारीपाटी ललितपुर**

**सञ्चालक तथा जमानीकर्ताको विवरण**

**१) नवराज शिवाकोटी (अध्यक्ष)**
बाबु : शिव प्रसाद शिवाकोटी
बाजे : पिताम्बर शिवाकोटी
ना.प्र.नं. : २२१०१७/२२, दोलखा
ठेगाना : सुनखानी-९, दोलखा



**२) सन्देश राई (उपाध्यक्ष)**
बाबु : तेज बहादुर राई
बाजे : जनक सिङ राई
ना.प्र.नं. : ३५६/१३, पाँचथर
ठेगाना : हाङगुम-६, पाँचथर



**३) प्रकाश कुँवर (सचिव)**
बाबु : वजीर बहादुर कुँवर
बाजे : टिका राज कुँवर
ना.प्र.नं. : २१०३२, गुल्मी
ठेगाना : हस्तिचौर-१, गुल्मी



**४) सुर्य बहादुर राई (कोषाध्यक्ष)**
बाबु : रहर बहादुर राई
बाजे : नर बहादुर राई
ना.प्र.नं. : ८२१०३६/५१२
ठेगाना : हाङगुम-२, पाँचथर



**५) युवराज बोहोरा (सञ्चालक सदस्य)**
बाबु : कमल प्रसाद वोहोरा
बाजे : कृष्ण लाल बोहोरा
ना.प्र.नं. : ०४३०४३/१५९७, झापा
ठेगाना : लखनपुर-४, झापा



**६) . जिजस राई (सञ्चालक सदस्य)**
बाबु : डिल्लीसेर राई
बाजे : मान बहादुर राई
ना.प्र.नं.: १४-०१-७०-०१८४०, उदयपुर
ठेगाना : सुन्दरपुर-९, उदयपुर



**७) रचना राई (सञ्चालक सदस्य)**
बाबु : बुद्धीराज राई
बाजे : बिर बहादुर राई
ना.प्र.नं. : ०६/५०४०७, सुनसरी
ठेगाना : धरान-१०, सुनसरी



**धितोको विवरण**

| जग्गा धनिको नाम | धितोको ठेगाना | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|
| फण्ड्स बचत तथा ऋण सहकारी संस्था लि. | ल.पु.म.न.पा.-५, ललितपुर | ७४१ | १५८.९५ वमि |

**ललितपुर जिल्ला**
**बचत तथा ऋण सहकारी संघ लिमिटेड**
ल.पु.म.न.पा.-५, लगनखेल, ललितपुर, फोन नं. : ०१-५४५३००१/५४५३००७
Email: federation.lalitpur@gmail.com Web: lalitpurbachatsangh.org.np

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १९४४०० | प्रति तोला – ० | प्रति तोला – २३१० |




# संखुवासभामा पर्यटन र ऊर्जामा लगानी बढाउँछौं : ऊर्जामन्त्री



■ प्रभाव संवाददाता

**संखुवासभा–** ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्री दिपक खड्काले संखुवासभा जिल्लामा विकासका पूर्वाधारलाई तीव्रता दिँदै करिब ४ करोड ६५ लाख रूपैयाँ लागतमा निर्माण सम्पन्न भएको मोटरेबल पुलको उद्घाटन गरेका छन् ।

उद्घाटन कार्यक्रममा मन्त्री खड्काले स्थानीय यातायात सहज बनाउने अर्को पुल, सडक स्तरोन्नति तथा जलविद्युत् आयोजना र पर्यटकीय सम्भावनाहरूमा समेत उल्लेख्य लगानी हुने बताए ।

गृहजिल्ला संखुवासभाको सिलीचोङ गाउँपालिका-१ र २ लाई जोड्ने उक्त पुल संघीय, प्रदेश र स्थानीय सरकारको साझेदारीमा तीन वर्षको अवधिमा निर्माण सम्पन्न भएको हो ।

उद्घाटन कार्यक्रममा मन्त्री खड्काले संखुवा खोलामा अर्को नयाँ पुल निर्माणका लागि चालू वर्षमै ३ करोड रूपैयाँको बजेट विनियोजन भइसकेको जानकारी दिए। उनले छिट्टै टेन्डर प्रक्रिया अघि बढ्ने बताए ।

यस्तै, मानेभञ्ज्याङ-चन्दनपुर-हेलुवा बेसी सडक खण्ड कालोपत्रे गर्ने कार्यलाई सरकारले उच्च प्राथमिकतामा राखेको उल्लेख गर्दै मन्त्री खड्काले यो वर्षभित्रै काम सम्पन्न गर्न व्यक्तिगत रूपमा पहल गर्ने प्रतिबद्धता जनाए ।

ऊर्जा पूर्वाधारको सन्दर्भमा उनले सिलीचोङ गाउँपालिका भित्रै ५ देखि ७ वटा जलविद्युत् आयोजना निर्माणको चरणमा रहेको जानकारी गराउँदै ती आयोजनाबाट रोजगारी, आर्थिक विकास र स्थानीय पूर्वाधारमा सकारात्मक प्रभाव पर्ने विश्वास व्यक्त गरे । 'संखुवासभा केवल मेरो जन्मभूमि होइन, यसको समग्र विकासको जिम्मेवारी पनि मेरो काँधमा छ,' मन्त्री खड्काले भने ।

साथै, उनले सिलीचोङलाई सोलुखुम्बुसँग जोड्ने वैकल्पिक नाका बनाउने सम्भावनाबारे पनि धारणा राखे, जसले पर्यटकीय प्रवर्द्धनमा टेवा पुऱ्याउने विश्वास व्यक्त गरे ।

बुधवारेमा स्थायी प्रहरी चौकी स्थापना गर्न पहल भइरहेको र मकालु वरुण राष्ट्रिय निकुञ्जभित्र विकास कार्य गर्दा देखिने प्राविधिक ढिलाइलाई कम गर्दै व्यवस्थित सञ्चालनमा ल्याउने सरकारको तयारी रहेको मन्त्री खड्काले जानकारी दिए ।

# निजगढ विमानस्थलको निर्माणको 'मोडालिटी' टुंग्याइने

■ प्रभाव संवाददाता

**काठमाडौं–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले राष्ट्रिय गौरवको निजगढ अन्तरराष्ट्रिय विमानस्थल निर्माण र सञ्चालनको 'मोडालिटी' टुंग्याइने बताएका छन् । राष्ट्रियसभा, संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको आजको बैठकमा उनले उक्त विमानस्थल निर्माणलाई प्राथमिकता दिनुपर्ने आवश्यकता औंल्याए ।

'निजगढ राष्ट्रिय गौरवको आयोजना त हो तर अहिले पनि अन्योल नै छ, यसपटकको बजेट भाषणमा यसको निर्माण र सञ्चालनको मोडोलिटी टुङ्ग्याउने भनेका छौँ, यो काम हामी तदारुकताका साथ अघि बढाउँछौँ', उनले भने ।

पोखरा र गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल हवाई रुटभन्दा पनि यात्रु अभावका कारण पूर्ण क्षमतामा सञ्चालनमा आउन नसकेको स्वीकार गर्दै मन्त्री पाण्डेले ती विमानस्थलमा यात्रु संख्या वृद्धिका लागि विभिन्न योजना अघि बढाइएको स्पष्ट पारे । 'कतिपय हवाई सेवा प्रदायक कम्पनीले यात्रुको सफ्या नहुँदा करोडौं घाटा भइरहेको जनाएका छन्', उनले भने, 'यात्रु संख्या बढाउन श्रम स्वीकृति, मेनपावर कम्पनी, स्वास्थ्य परीक्षणलगायत सुविधा सो क्षेत्रमा पुऱ्याउनुपर्छ ।'

नेपाल एयरलाइन्सको छवटा विमान सञ्चालनमा रहेको जानकारी दिँदै मन्त्री पाण्डेले आगामी दिनमा सञ्चालनमा व्यवधान नहुनेगरी काम गर्न निर्देशन दिइएको बताए । प्रदेश सरकारसँगको सहकार्यमा पहाडी जिल्लामा साना जहाज चलाउने तयारी भइरहेको उनको भनाइ छ ।

आगामी दशकलाई पर्यटन प्राथमिकता दशक घोषणा गर्ने तयारी गरिएको जानकारी दिँदै मन्त्री पाण्डेले संघीय मन्त्रालय र निकाय, तीनै तहका सरकार निजी क्षेत्रलाईसँगै राखेर पर्यटन संवाद कार्यक्रम गरिएको बताए । नीतिगत तथा कानुनी सुधारलाई आफूले प्राथमिकता दिएको उल्लेख गर्दै उनले भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन गर्न विभिन्न योजना अघि सारिएको बताए । पर्यटन मन्त्रालयका सचिव हरिप्रसाद मैनालीले भैरहवा र पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट नियमित अन्तरराष्ट्रिय उडानको प्रयास भइरहेको जानकारी दिए ।

छलफलमा सांसदहरूले निजगढ अन्तरराष्ट्रिय विमानस्थल निर्माण र सञ्चालनको मोडालिटी टुङ्गो लगाउन, पोखरा र भैरहवा अन्तरराष्ट्रिय विमानस्थलबाट नियमित अन्तरराष्ट्रिय उडानको योजना बनाउन मन्त्रालय र नेपाल नागरिक उड्डयन प्राधिकरणले योजना बनाउनुपर्ने, राष्ट्रिय गौरवको आयोजनाको मापदण्ड बनाउन सुझाव दिए ।

# तनहुँ जलविद्युत् आयोजनामा पानीको सतहबारे सूचना दिने सेन्सर जडान

**दमौली (प्रस)–** तनहुँको ऋषिङ गाउँपालिका-१ झापुटारमा निर्माणाधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजना निर्माणस्थलमा पानीको सतहबारे सूचना दिने सेन्सर जडान गरिएको छ। आयोजनाले आपत्कालीन पूर्वतयारीका रूपमा सेती नदीमा पानीको सतह मापन, अस्थायी बाँधको सुरक्षाका लागि निरन्तर निगरानी र आपत्कालीन पूर्वतयारीलाई प्रभावकारी बनाउन पानीको सतह मापन गर्न सेन्सर जडान गरिएको हो ।

सेन्सर जडान गर्नुको मुख्य उद्देश्य मनसुनको बाढीबाट अस्थायी बाँध भत्किन सक्ने जोखिम न्यूनीकरण गर्नु रहेको आयोजना प्रमुख श्यामजी भण्डारीले जानकारी दिए । आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजनाअन्तर्गत उक्त प्रणालीले बाढीको सतहको वास्तविक समयमा निगरानी गर्न मद्दत पुग्नुका साथै सार्वजनिक तथा अन्य सरोकार भएकासँगको सञ्चारलाई थप प्रभावकारी बनाउने उनले बताए ।

भण्डारीले भने, 'पानीको सतहसम्बन्धी जानकारीसहितको विवरण 'मल्टिस्क्रिन डिस्प्ले' बोर्डमा देखिन्छ, जसले महत्त्वपूर्ण सूचना समयमै र तत्कालै प्रवाह गर्न सहयोग पुग्नेछ ।' अस्थायी बाँध रहेको स्थान भौगोलिक रूपमा दुर्गम भएकाले रातिको समयमा त्यहाँ पुगेर स्थिति अवलोकन गर्न जटिल हुने भएकाले यस्तो प्रविधिले विपद् न्यूनीकरणमा सहयोग पुऱ्याउने उनले विश्वास व्यक्त गरे ।

आयोजनाले मुख्य बाँधस्थलभन्दा तल्लो तटीय क्षेत्रका बासिन्दालाई सेती नदीको जलसतह सतर्कता तहभन्दा बढेमा सतर्कताको पूर्वसूचना दिन आपत्कालीन अवस्थामा प्रभावकारी सञ्चार सुनिश्चित गर्न मोबाइल नम्बरमा सन्देश पठाउन सेवा प्रदायकसँग सम्झौता भइसकेको आयोजना प्रमुख भण्डारीले जानकारी दिए ।

## कर्पोरेट

### कजारियाको नयाँ शोरूम बनेपामा



**बनेपा (प्रस)–** भारतको नम्बर १ टायल कम्पनी, कजारियाले नेपालमा आफ्नो उपस्थिति अझ मजबुत बनाउँदै बनेपा, काभ्रेपलान्चोकमा अत्याधुनिक शोरूम सुरु गरेको छ । बनेपा मार्भल प्यालेस द्वारा सञ्चालित यस शोरूमले उच्च गुणस्तरका टायलहरूको बढ्दो मागलाई पूरा गर्ने लक्ष्य राखेको छ ।

उद्घाटन समारोहमा प्रमुख अतिथिको रूपमा बनेपा नगरपालिका प्रमुख शान्ति रत्न शाक्यको उपस्थिति रहेको थियो । साथै, कजारिया रमेश टाइल्स लिमिटेडका राष्ट्रिय सेल्स प्रबन्धक अभ्यास भुषण तिवारीको उपस्थितिले कार्यक्रमलाई थप गौरवमय बनायो । यस अवसरलाई विशेष बनाउन, प्रमुख अतिथिले रिबन काटेर यस महत्वपूर्ण विस्तारको उद्घाटन गरे ।

समारोहलाई सम्बोधन गर्दै अध्यक्ष शाक्यले नयाँ शोरूमको सञ्चालनसँगै आफ्नो उत्साह व्यक्त गरे । उनले भने, 'कजारिया जस्तो प्रतिष्ठित ब्रान्ड बनेपामा आउनु हाम्रो शहरका लागि गर्वको कुरा हो । यस नयाँ शोरुमले हाम्रो क्षेत्रमा बढ्दो सम्भावनाको प्रतिबिम्ब देखाउँछ र स्थानीय समुदायको गुणस्तरीय पूर्वाधार तथा डिजाइन आवश्यकतामा महत्वपूर्ण योगदान पुर्याउनेछ ।'

बनेपाको प्रमुख क्षेत्र उग्रचण्डी पेट्रोल पम्प पछाडि अवस्थित यो नयाँ शोरुमले प्रिमियम टायलहरूको विस्तृत संग्रह प्रदान गर्दछ, जसले ग्राहकहरूलाई सजिलो पहुँच र सुविधा सुनिश्चित गर्दछ । यसको विस्तारसँगै, कजारिया उच्च गुणस्तर र डिजाइनका नयाँ मापदण्डहरू सेट गर्ने आफ्नो मिशनलाई निरन्तर अघि बढाउँदै नेपालका निर्माण सामग्रीको क्षेत्रमा आफ्नो नेतृत्वलाई बलियो बनाउँदै छ ।

### टिकटकको पहिलो त्रैमासिक रिपोर्ट सार्वजनिक

**काठमाडौं (प्रस)–** टिकटकले आफ्ना प्रयोगकर्ताका लागि सुरक्षित डिजिटल वातावरण बनाउन गरेको निरन्तरको प्रतिबद्धता अनुरूप २०२५ को पहिलो त्रैमासिकको कम्युनिटी गाइडलाइन्स इन्फोर्समेन्ट रिपोर्ट सार्वजनिक गरेको छ । प्रतिवेदनमा टिकटकले गत जनवरीदेखि मार्चसम्म आफ्नो कम्युनिटी गाइडलाइन्स उल्लंघन गर्ने कन्टेन्टहरू पत्ता लगाएर त्यसलाई हटाउन आफूले उठाएका सक्रिय कदमहरूको विवरण राखेको छ । यसले प्रयोगकर्ताहरूलाई सकारात्मक अनुभव दिलाउन मद्दत गर्ने टिकटकको अपेक्षा छ ।

सन् २०२५ को पहिलो त्रैमासिकमा, नेपालमा मात्र टिकटकले १८,७६,५६३ वटा भिडियोहरू हटाएको छ । नेपालमा सक्रिय रूपमा हटाइएका भिडियोको दर ९९.६प्रतिशत रह्यो, जसमा ९७.८प्रतिशत भिडियोहरू २४ घण्टाभित्रै हटाइएका थिए ।

विश्वव्यापी रूपमा, टिकटकले यो त्रैमासिकमा २११ मिलियन भिडियोहरू हटाएको छ जुन यस प्लेटफर्ममा अपलोड गरिएको कुल कन्टेन्टको करिब ०.९प्रतिशत हो । हटाइएका भिडियोमध्ये, १८४,३७८,९८७ वटा भिडियो अटोमेटेड डिटेक्सन प्रविधि प्रयोग गरेर हटाइएका थिए, जबकि ७,५२५,१८४ भिडियो थप समीक्षा गरेपछि पुनःस्थापित गरिएका थिए । सक्रिय रूपमा हटाइएका भिडियोहरूको दर ९९.०प्रतिशत रह्यो, जसमा ९४.३प्रतिशत फ्ल्याग गरिएका कन्टेन्टहरू पोस्ट भएको २४ घण्टाभित्रै हटाइएका थिए ।

हटाइएका भिडियोहरूको ३०.१ प्रतिशत कन्टेन्ट टिकटकको कन्टेन्ट पोलिसीसँग मेल नखाने संवेदनशील वा वयष्क विषयवस्तु भएका थिए भन्ने यस प्रतिवेदनले देखाउँछ । थप ११.५प्रतिशत भिडियोहरूले प्लेटफर्मको सुरक्षा र नैतिक मापदण्ड उल्लंघन गरेका थिए, जबकि १५.६ प्रतिशत भिडियोहरूले गोपनीयता र सुरक्षा नियमहरू तोडेका थिए । यसका साथै, हटाइएका भिडियोहरूको ४५.५ प्रतिशत गलत सूचनाका रूपमा फ्ल्याग गरिएका थिए र १३.८प्रतिशत भिडियोहरू एडिट गरिएका वा एआईले बनाइएको भनेर फ्ल्याग गरिएका कारण हटाइएका थिए ।

# सिँचाइ अभाव हुँदा आकासे पानीको भरमा इलामका किसान

**फिक्कल (इलाम)** – जिल्लाको माई नगरपालिका-६ पलाँसेका किसान सुरविर योङहाङले धान रोप्नका लागि एक महिनाअघिदेखि खनजोत गरी खेत तयार पारेका थिए । आकासे पानी आवश्यकता अनुसार नपरेपछि उनले अहिलेसम्म एक गाँभो पनि धान रोप्न सकेका छैनन् ।

खेतमा पानी पुग्ने मुहानमा मूल नफुटेकाले रोपाइँ सम्भव नभएको बताउँदै आकासे पानीको भरमा बसेकाले करिब १९ रोपनी खेत अहिलेसम्म बाँझै रहेको सुरविरले जानकारी दिए । 'खेत जोते पनि सिँचाइ अभावले रोपाइँ गर्न नसकेपछि आकासतिर हेर्दै बस्नुपर्ने बाध्यता छ । खेत जोतेर बीउ पनि तयार पारेको हुँ । अब एक साताभित्र पनि पानी परेन भने यो वर्षको रोपाइँ हुँदैन', उनले भने ।

किसान आइतराज लिम्बूको पीडा पनि उस्तै छ । खनजोत गरेर रोपाइँका लागि तयार पारिएको १६ रोपनी खेत आकासे पानीको पर्खाइमा बाँझै छ । 'पहिलापहिला असारको सुरुमा पानी पर्थ्यो, तर यो साल साउन दोस्रो साता बितिसक्दा समेत पानी परेन', उनले भने, 'सिँचाइ अभाव हुँदा खेत बाँझो रहने भयो, खेती नभए के खाने चिन्ता बढ्न थालेको छ ।' समयमा पानी नपर्दा इलामका सुरविर र आइतराजजस्ता सयौं किसान रोपाइँ गर्न नपाएपछि चिन्तित छन् ।

यसैबीच साउनको दोस्रो सातासम्म इलाममा ७४ प्रतिशत मात्र रोपाइँ भएको कृषि ज्ञान केन्द्रले जनाएको छ । केन्द्रका प्रमुख कुलबहादुर राईले साउन दोस्रो सातासम्म ११ हजार ६३ हेक्टरमध्ये आठ हजार १८६ हेक्टर क्षेत्रफलमा रोपाइँ भएको जनाउँदै यो कूल क्षेत्रको ७४ प्रतिशत हुने बताए ।

'गतवर्ष यही समयमा ९२ प्रतिशत क्षेत्रमा धान रोपाइँ सकिएको थियो । गत वर्ष १४ हजार ८१५ हेक्टर क्षेत्रमा धानखेती गरिएको थियो । यस वर्ष आवश्यक वर्षा नभएकाले किसानले समयमा धान रोप्न पाएका छैनन्', राईले भने । यस वर्ष मनसुन पर्याप्त नभएको, पानीका मूल नफुटेका, जमिनमा पानीको तह घट्नुका साथै सिँचाइ अभावले कम रोपाइँ भएको उनको भनाइ छ ।

कूलो र नहरको सुविधा भएका, खोला र खोल्सा क्षेत्र छेउछाउमा रहेका खेतमा रोपाइँ सकिएको बताउँदै आकासे पानीको भर परेर रोपिने ठाउँ बाँझै रहेका प्रमुख राईले बताए । रोपेका ठाउँमा पनि सिँचाइ नहुँदा खेतका गह्राहरू चर्किन थालेका किसानले बताएका छन् । साउन दोस्रो सातासम्म पनि रोपाइँ गर्न नपाउँदा यस वर्ष धान उत्पादन गर्न नसकिने चिन्तामा किसान छन् ।

इलामको तल्लो क्षेत्र अर्थात् चुलाचुली गाउँपालिका, माई नगरपालिका तथा माङसेबुङ, फाकफोकथुम, रोङ, माईजोगमाई, सन्दकपुर गाउँपालिका र देउमाई, इलाम र सूर्योदय नगरपालिकाका तल्लो क्षेत्रमा धानखेती हुने कृषि ज्ञान केन्द्रले जनाएको छ । यहाँको माई नगरपालिका र रोङ गाउँपालिकाका किसानले उन्नत जातका राबित्री र रञ्जित खेती गर्दै आएका छन् । अन्य क्षेत्रका किसानले बेलकुटी, चिराखे, अटे, चुल्ठे, भँगेरे, टिमुरे, बयर्नी, रामतुलसी, रुदुवा, नानिया, चम्पासरी, तापमारालगायत स्थानीय जातका धानखेती गर्ने केन्द्रका प्रमुख राईले जानकारी दिए । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्सेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ